# अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

आज संसारमा विभिन्न प्रकारका समाजहरू देखिन्छ । ती सबै समाजहरूको बीचमा केही कुराहरू समानता भएपनि धेरै कुराहरूमा भिन्नता देख्न पाइन्छ । प्रत्येक समाजको आफ्नो मौलिक विशेषता रहेको पाइन्छ । वर्तमान समाज र संस्कृतिलाई बुझ्न मानिस, समाज र संस्कृतिको उत्पत्ति र विकास (उद्विकास) को अध्ययनलाई हेर्दा सन् १८७१ मा डार्विनले The Descent of man भन्ने पुस्तक प्रकाशन गरी जसमा उनले मानव उद्विकासको सम्बन्धमा विस्तृत व्याख्या गर्दै मानवको विकास कुनै आदिम स्वरूपबाट भएको र त्यही आदिम स्वरूपबाट विकसित भई ढेडु (बाँदर) APE सम्म आई वादरको साझा पुर्खा रौं युक्त, पुच्छार भएको, चौपाया र जंगलमा बस्ने (A hairy, Tailed, Quadruped, probability arboreal in habits) विशेषता भएको थियो त्यो पुर्खा पनि अत्यन्तै विगतको सुक्ष्म प्राणबाट उत्पत्ति भएको थियो भनी उल्लेख गरेका छन् (सामाजिक संस्था र प्रकृयाको विश्लेषण-२०६४) ।

यसरी मानव सभ्यताको विकास क्रमलाई हेर्दा ढुङ्गे युगबाट गुज्रिएको मानव समाज क्रमिक रूपमा विकसित भई आजको यस विज्ञान र प्रविधिको युगमा आइपुगेको थियो । मानव सभ्यताको विकासको शुरुको अवस्थामा जनसङ्ख्याको अवस्था अत्यन्त न्यून रहेको पाइन्छ । यद्यपि समय सापेक्ष जनसङ्ख्या क्रमिक रूपमा वृद्ध भइरहेको हुँदा आजको यस अवस्थामा आई पुगेको छ । जनसङ्ख्याको वृद्धिसँगै फोहर मैलाहरूमा पनि वृद्धि हुने हुँदा यसको व्यवस्थापनमा समस्या र चुनौतीहरू रहेका हुन्छन् । कुनै पनि विषयमा अध्ययन एवं अनुसन्धान प्रत्यक्ष रूपमा कुनै न कुनै समाजसँग सम्बन्धित हुन्छ । त्यसैले यस्ता अध्ययनहरूमा समाजको विश्लेषण गर्न स्वभाविक हुन्छ । यसमा पनि समाजशास्त्रीय ढङ्गबाट अध्ययन गरिएको छ । यसरी नेपालको जनसङ्ख्याको अवस्थालाई हेर्दा वि.सं. १९६८ को जनगणना गर्दा नेपालको जनसङ्ख्या ५३,३८,७४९ थियो भने २०५८ को राष्ट्रिय जनगणना गर्दा नेपालको जनसङ्ख्या २,३१,५१,४२२ रहेको थियो । यसबाट जनसङ्ख्याको वृद्धिको अवस्थालाई छर्लङ्ग पारेको छ ।

त्यसै गरी व्यास नगरपालिकाको सन्दर्भलाई हेर्दा २०४८ सालमा स्थापना भएको व्यास नगरपालिकाको जनसङ्ख्या २०५३ सालमा २४,२५९ रहेको थियो भने २०६७ मा न.पा.ले गरेको सर्वेक्षण अनुसार कुल जनसङ्ख्या ३५,२८७ रहेको छ । यसरी नेपालको जनसङ्ख्या र व्यास नगरपालिकाको जनसङ्ख्यालाई हेर्दा जनसङ्ख्या वृद्धि विगतको तुलनामा अहिलेसम्म आईपुग्दा अत्याधिक मात्रामा बढेको देखिन्छ । यसरी जनसङ्ख्याको वृद्धिसँगै फोहरमैलामा पनि वृद्धि हुने हुँदा त्यसलाई व्यवस्थापन गर्ने सन्दर्भमा विभिन्न समस्या एवम् चुनौतीहरू पनि देखिन्छन् ।

आजको विश्व परिवेशमा चाहे त्यो मुलुक विकसित वा विकासोन्मुख सबैको लागि फोहोर मैला व्यवस्थापन गर्ने सन्दर्भमा विभिन्न किसिमका समस्याहरू देखिएका छन् । विश्व व्यापी रूपमा भइरहेको बढ्दो शहरीकरण, औद्योगिकरण एवं जनसङ्ख्या वृद्धि जस्ता कारणहरूले गर्दा फोहरमैला व्यवस्थापनमा थप चुनौती तथा जटिलताहरू देखिएका छन् । जसका कारण सामाजिक रूपमा मानव जीवन र वातावरणीय रूपमा नदी खोला, पशुपंक्षी लगायतलाई ठूलो असर पुऱ्याएको देखिन्छ ।

फोहोर मैलाको व्यवस्थापनको प्रमुख जिम्मा लिएका स्थानीय निकायहरू जस्तैः गाउँ विकास समिति र नगरपालिकाको भूमिका महत्वपूर्ण रहेको छ । विशेष गरेर बढ्दो शहरी सुविधाका कारण शहर तथा जिल्ला सदरमुकामहरूमा बसाई सरेर आउनेहरूको चापले गर्दा एकातर्फ फोहरमैला बढी उत्पादन भईरहेको हुन्छ भने अर्को तर्फ त्यसलाई उचित व्यवस्थापन गर्न थप जटिलताहरू सृजना भएको हुन्छ । उचित LANDFILD SITE को अभाव तथा प्रत्येक घरबाट निस्कने फोहोर पानी ढलमा मिसाई नजिकका खोला तथा नदीहरूमा मिसाउदा खोला तथा नदीको पानी दुषित भई पानीमा बस्ने प्राणीहरू जस्तै माछा, भ्यागुता, गँगटा लगायत अन्य प्राणीहरूको लोप हुने सम्भावना बढ्दै गइरहेको छ । खोला र नदीको किनारमा इनार बनाई त्यही पानी मानिसले पिउने गरेको कारणबाट प्राणी, मानव जाति र वातावरणमा समेत यसले ठूलो नोक्सानी पुऱ्याई रहेको छ । दुषित पानीको कारणबाट मानिसहरू ठूलो संख्यामा विरामी पर्ने खतरा बढ्दै गइरहेको छ ।

फोहरमैला भन्ना साथ सामान्यतया मानिसले प्रयोग गरिसकेपछि काम नलाग्ने भएर यत्रतत्र छरिएर रहेका वस्तुहरू हुन यसरी आफुलाई काम नलाग्ने भनी फालिने चिजलाई नै फोहरमैला भनिन्छ । यसरी फालिने वस्तुहरूलाई व्यवस्थित ढङ्गबाट तह लगाउन सक्नु नै

फोहरमैलाको व्यवस्थापन हो । फोहरमैलाका श्रोतहरूमा घर, आँगन, टोल, होटल, अस्पताल, मेडिकल पसलहरूबाट फालिएका वस्तुहरू जुन काम नलाग्ने हुन्छन् ति वस्तुहरू नै वास्तवमा फोहरमैलाको रूपमा देखिन्छन् । खास गरेर फोहरमैला दुई प्रकारका हुन्छन् ।

### क. जैविक फोहर

कुहिने र गल्ने जातिका सम्पूर्ण फाल्तु जैविक वस्तुहरू जैविक फोहर समूहमा पर्दछन् । यिनीहरूमा कुहिएका सागसब्जी, तरकारीका छिल्का, घाँसपात, फलफुलका बोक्रा, विग्रिएको खानेकुरा बढारेको धुलो कसिङ्गर आदि पर्दछन् । यी सबै कालान्तरमा गलेर मलमा परिणत हुने भएकोले माटोसँग मिलेर विलिन भएर जान्छन् । व्यवस्थित जैविक फोहोरले कहिल्यै समस्याको रूप लिदैन । घरदेखि अन्तिम निस्कासन स्थलसम्म पनि यसको व्यवस्थापन र प्रयोग गरी उचित फाइदा लिन सकिन्छ । हाम्रो देशको सन्दर्भमा यस समूहको कुल फोहरको ७० देखि ८० प्रतिशत भाग ओगटेको पाइन्छ (सिप्रोइन, १९९५) ।

### ख. अजैविक फोहर

नसड्ने र नगल्ने जातिका सबै फाल्तु वस्तुहरू अजैविक फोहर समूहमा पर्दछन् । यिनीहरूमा प्लाष्टिक, काँचका टुक्राहरू धातु, रबर, कपडा, सिसा आदि पर्दछन् । यस्ता वस्तुहरू कवाडीको रूपमा सम्बन्धित कारखानामा लगेर कच्चा पदार्थको रूपमा पुन प्रशोधन गरी पुनः प्रयोगमा ल्याउन सकिन्छ । यस समूहको कुल फोहरको २० देखि ३० प्रतिशत भाग ओगटेको पाइन्छ (सिप्रोइन, १९९५) ।

विशेष गरेर घरेलु फोहरमैला व्यवस्थापनमा यसले बढी जोड दिइएको छ । यसमा विभिन्न प्रविधिबाट कम्पोष्ट मल, प्राङ्गारिक मल उत्पादन गरेर कसरी घरबाट निस्कने फोहरलाई कम गर्न सकिन्छ भन्ने कुराहरूमा बढी जोड दिइएको छ ।

यस अध्ययनमा फोहरमैला व्यवस्थापनमा यसले बढी जोड दिइएको छ । यसमा विभिन्न प्रविधिबाट कम्पोष्ट मल, प्रांगारिक मल उत्पादन गरेर कसरी घरबाट निस्कने फोहरलाई कम गर्न सकिन्छ भन्ने कुराहरूमा बढी जोड दिइएको छ ।

यस अध्ययनमा फोहरमैला व्यावस्थापनमा देखिएका समस्या, चुनौतीले पारेको सामाजिक तथा वातावरणीय प्रभावका विस्तुत रूपमा अध्ययन गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यसरी घर घरबाट निस्कने फोहरमैलाले सामाजिक तथा वातावरणीय रूपमा पार्ने प्रभावका सम्बन्धमा यस अध्ययनमा समेटिएको छ ।

फोहर मैला व्यवस्थापन गर्न नसक्दा व्यक्ति समुदाय र राज्यको समेत आर्थिक रूपमा ठूलो नोक्सानी बेर्होनु पर्ने अवस्था सृजना भएको छ । साथै भावी दिनमा यसले ठूलो संक्रमण समेत निम्त्याई मानव सभ्यता र वातावरणीय सन्तुलन समेत विग्रन गई भावी सन्ततीका लागि यसबाट ठूलो मूल्य चुकाउनु पर्ने कुरामा दुईमत हुन सक्दैन ।

## १.२ समस्याको कथन

मानिस आफैले प्रयोग गरेका वस्तुहरू प्रयोग विहिन भएपछि त्यसलाई आफ्नै वरपरको वातावरणमा यत्रतत्र फालेको पाइन्छ । तर त्यसरी जथाभावी फालिएको वस्तुहरूबाट मानव जीवनमा पर्ने नकारात्मक प्रभाव बारे सबै मानिसलाई ज्ञान छैन । यसरी हाम्रो समाज, वस्ती, टोल र शहरहरूमा जहाँ मानिसहरूको वस्ती घना छ । त्यही ठाउँमा मानिसले फोहरको व्यवस्थापन नगरेको पाइन्छ । फोहरहरू जथाभावी सडक, गल्ली, खोला, नदी लगायतका सार्वजनिक स्थलहरूमा फालिएको अवस्थाले गर्दा मानव स्वास्थ्यमा नराम्रो प्रभाव पारेको अवस्था छ भने फोहर वस्तु बजारका ढल, नदी, खोलामा अव्यवस्थित रूपमा मिसाउदा नदी, खोलाको पानी प्रदुषित हुन गई मानिस लगायत पशुपंक्षी, जनावर, जलप्राणी सबैलाई त्यस्तो कार्यबाट नोक्सान पुऱ्याएको छ । आज विश्वमा यो समस्या जटिल बन्दै गएको छ । मानवीय क्रियाकलापको कारण वातावरणमा असन्तुलन पैदा भई अतिवृष्टि, अनावृष्टि, मरुभूमिकरण, जीवजन्तु र वनस्पतिको बिनाश, बाढी, पहिरो, भू-क्षय, उत्पादनमा ह्रास, वायुमण्डलमा क्षतिका कारण वातावरणीय सन्तुलनलाई बिगार्ने काम गरेको छ । जसका कारण तापक्रममा बृद्धि भई हरितगृह प्रभाव आदि जस्ता विकराल समस्याहरू देख्न, सुन्न र भोग्न परिरहेको अवस्था छ । नेपाल जस्तो कम विकसित देशमा पनि यसको प्रभाव नपरेको होइन । दिनप्रतिदिन मानिसहरू सुविधा भोग गर्न सदरमुकाम र सहरकेन्द्रीत बन्दै गएको अवस्था छ । जहाँ मानिसहरू बढी हुन्छन् । त्यहाँ यातायात, कलकारखाना, वस्ती विस्तार, प्राकृतिक स्रोत र साधनको अधिक प्रयोग हुन जान्छ । उदाहरणको लागि नेपालको राजधानी काठमाडौंलाई लिन सकिन्छ । जहाँ मानिसको जनसङ्ख्या बढी भएकै कारण बढी फोहरमैला उत्पादन भएको र उचित व्यवस्थापनमा समस्या परेको छ । विष्णुमति, बागमती लगायतका नदीहरू ढलका रूपमा परिणत भएको अवस्था छ । फोहरका कारण मानिस

नाक थुनेर हिड्नुपर्ने अवस्था छ । अन्य शहरहरूमा पनि यो समस्या बढ्दै गएको पाइन्छ । यी कारणले गर्दा वातावरण र मानव स्वास्थ्यको क्षेत्रमा गम्भीर समस्याहरू उत्पन्न हुन गइरहेको छ ।

विशेष गरी यस अध्ययन क्षेत्रभित्र फोहर मैला उत्पादन हुने स्रोतहरू, निम्न अनुसार रहेका छन् । घर घरबाट निस्कने फोहर मैला, भान्साबाट व्यापारिक दृष्टिकोणले थापिएका पसलहरूबाट निस्कने कागज, प्लाष्टिकहरू तरकारी पसलबाट निस्कने फोहरमैला फलफुल पसलबाट, अस्पतालबाट निस्कने फोहर यात्रुहरूले फाल्ने पानीका बोतलहरू, प्लाष्टिकका झोलाहरू, होटल व्यवसायबाट निस्कने फोहर, कपडा सिलाउने सिलाई व्यवसायबाट निस्कने फोहर, कपाल काट्ने पसलबाट निस्कन फोहर, खाने कुरा प्याक गरिएका प्लाष्टिकका खोलहरू, खुला रूपमा फालिएको अवस्था छ । यसरी विभिन्न क्षेत्रबाट उत्पादित फोहरलाई उचित व्यवस्थापन नगरेको पाईन्छ । न.पा.ले सरसफाई अन्तर्गत खुला दिशामुक्त नगर घोषणा गर्न ठूलो रकम खर्च गरेता पनि त्यसको उचित कार्यान्वयन भएको छैन । प्रत्येक घर घरबाट निस्कने फोहर पानी सिधा नालामा मिसाइएको छ । सडकको ढलमा ढकनी लगाइएको छैन । खुल्ला नालामा बग्ने दुषित पानीको कारणबाट मानिसहरूलाई आवतजावत गर्दा उक्त ढलको पानी गनाउँदा यात्रुहरू नाक थुनेर हिनु पर्ने अवस्था छ । निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरू रोडमा थुपार्नाले यात्रुहरूलाई हिड्डुल गर्न गाह्रो भएको छ । नालीमा अन्य फोहरमैला थुपार्नाले नाली थुनिन गई फोहर पानी सडक माथिबाट बगेको अवस्था छ ।

यस अध्ययनमा निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. मानव स्वास्थ्यमा पारेको प्रभाव कस्तो छ ?

२. आर्थिक स्रोतमा पारेको प्रभाव कस्तो छ ?

३. अन्य जातिलाई पारेको प्रभाव कस्तो छ ?

४. वातावरणीय सन्तुलनमा पारेको प्रभाव कस्तो छ ?

यी र यिनै प्रश्नहरूको उत्तर खोज्दै वास्तविकता पत्ता लगाउन फोहोरमैलाले मानव जीवनमा पर्ने प्रभाव, फोहर उत्पादन प्रक्रिया र त्यसको व्यवस्थापन कसरी भएको छ वा छैन । त्यसको तथ्यपूर्ण अनुसन्धान गर्ने उद्देश्यले फोहरमैलाले पारेको सामाजिक एवं

वातावरणीय प्रभावको अध्ययन गरी एउटा दस्तावेज पेश गर्नु यस शोध पत्रको मुख्य कार्य हो । आर्थिक स्रोतमा पारेको प्रभाव भन्नाले फोहर मैलाका कारण पर्यटकहरूको आगमनमा कमी लगायतका कुराहरू हुनेछन् । अन्य जनजातिलाई पारेको प्रभाव भन्नाले परम्परागत रूपमा दरै जातिले सुंगुर, बुंगुर पालेका कारण वरपरको वातावरण र ब्राह्मण, क्षेत्री लगायतका जातिहरूलाई यसको दुर्गन्धले असर पुऱ्याइरहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार छन् :

१. अध्ययन क्षेत्रमा फोहरमैलाले पारेको समस्या पत्ता लगाउनु ।

२. अध्ययन क्षेत्रमा फोहरमैलाले मानिसको जनजीवनमा पारेको प्रभाव बारे अध्ययन गर्नु ।

३. फोहरमैलाले वातावरणमा पारेको प्रभाव र मानवीय व्यवहारको अध्ययन गर्नु ।

४. फोहरमैला उत्पादनका कारणहरू पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्त्व/औचित्य

नेपालको ठूला शहरहरूमा बढ्दै गएको जनघनत्व र त्यही जनघनत्वको कारणले शहरमा बढ्दै गएको आधुनिक घरहरू, दिन प्रतिदिन बढ्दो क्रममा छन् । जनसङ्ख्या धेरै सानो क्षेत्र वा सुविधा सम्पन्न स्थानमा बढ्ने क्रम तिब्र छ । यसरी मानिसहरूको चाप दिनानु दिन बढ्दै जाँदा ती मानिसहरूलाई आवश्यक पर्ने, खाद्यान्न, तरकारी, लत्ताकपडा, औषधी, पानी, रोजगार पनि उक्त स्थानमा खोजिरहेका हुन्छन् । जहाँ जनघनत्व बढ्छ, त्यहाँ धेरै उद्योग, होटल, यातायात, व्यापार, संघसंस्था, अस्पताल लगायत मानिसलाई चाहिने सम्पूर्ण चिजहरू आवश्यक पर्छ । साथै आधुनिक प्रविधिको समेत विकास हुन्छ । मानिसका आवश्यकता पूरा गर्नलाई प्रकृतिमाथि निर्भर हुनुपर्ने हुन्छ । बढी मात्रामा प्रकृति माथि निर्भर हुँदा स्रोत र साधनको अभाव हुन्छ भने बढी जनघनत्वको कारण फोहरमैला बढी उत्पादन हुन्छ । उत्पादित फोहरमैलालाई व्यवस्थापन गर्न नसक्दा त्यसकै कारण प्राकृतिक रूपमा रहेका नदी, खोला, सार्वजनिक स्थलमा जथाभावी फोहर थुपार्ने फाल्ने क्रम बढ्दै गएको कारणबाट पानीमा बस्ने जलप्राणीहरू लोप हुने अवस्था छ । पिउने पानी खोला, नदीको किनारमा इनार खनी बोरिङ गरी घरमा वितरण गर्दा नदीको फोहर पानी पिउने उपभोक्तालाई

झाडापखाला र अन्य पानीको कारणबाट लाग्ने रोगहरू फैलिने सम्भावना बढ्दै गैरहेको अवस्था छ ।

विशेष गरी यस अध्ययनले व्यास नगरपालिका वडा नं. ११ को बागबजार टोलभित्र बसोबास गर्ने मानिसहरूको पेशा, व्यवसाय, त्यस पेशा व्यवसायबाट निस्कने फोहरमैला, उत्पादित फोहरमैलाको उचित व्यवस्थापन हुन नसक्दा परेको समस्याको बारेमा अध्ययन गर्नु र फोहारमैलाको कारणबाट सामाजिक रूपमा समाजमा बस्ने मानिसलाई र अन्यत्रबाट आउने मानिसलाई पारेको मानसिक प्रभाव, सामाजिक चालचलन र मानिसले दिने प्रतिक्रिया स्वास्थ्यमा प्रभाव बारेमा यसै टोलबस्तीसँगको अन्तरक्रिया र प्रश्नावलीलाई आधार मानी मानिस जीवनशैली वातावरणमा परेको प्रत्यक्ष प्रभावको बारेमा खोज गरिएको छ । हुन त यो समस्या अन्य क्षेत्र र स्थानमा नपरेको होइन तापनि फोहरमैलाले पारेको सामाजिक एवं वातावरणीय प्रभाव अध्ययन गर्नु त्यसले पारेको प्रभाव कस्तो अवस्थामा छ । त्यसको समाजशास्त्रीय अध्ययन आवश्यक रहेको छ । यस अध्ययनबाट फोहरमैला उत्पादन, त्यसको व्यवस्थापनमा कठिनाइ, व्यवस्थापन गर्न नसक्दा पारेको सामाजिक सम्बन्ध, पारिवारिक सम्बन्ध, छिमेकीमा पारेको प्रभाव, व्यवहारिक रूपमा लेनदेनमा पारेका प्रभाव र प्राकृतिक रूपमा नदी खोला, सार्वजनिक स्थलमा भएको फोहरमैलाले गरेको अतिक्रमण, सामाजिक जीवनशैली र यसले पारेको प्रभावको खोजी गरी निराकरणको उपाय अवलम्बन गर्न सकिने छ ।

प्रस्तुत शोध पत्रको अध्ययनले समग्र फोहरमैलाको वर्तमान अवस्था र त्यसले सामाजिक एवम् वातावरणमा पारेको प्रभावको विषयमा स्पष्ट तस्बिर  खिच्न मद्दत मिल्नेछ जस्को फल स्वरूप सम्बन्धित निकायहरूलाई सो समस्याको प्रभावकारी रूपमा सम्बोधन गर्न, अध्ययन गर्न धेरैसम्म उपयोगी हुने कुरामा विशेषत हुन सकिन्छ ।

## १.५ अध्ययनको सीमा

फोहरमैलाले पार्ने सामाजिक एवम्वातावरणीय प्रभाव व्यास नगरपालिका भित्रको कुनै एउटा स्थानमा मात्र नभएर जहाँ जनघनत्व बढी जहाँ फोहरको व्यवस्थापन भएको छैन । ती सबै ठाउँहरूमा यो समस्या भएको हुन सक्छ । तर यस शोध पत्रले जिल्लाभित्र र बाहिरी जिल्लाको बारेमा यो शोध कार्य अपर्याप्त भएको छ । समय र साधन स्रोतको अभावका साथै नमुना अध्ययन हुनाले सम्पूर्ण क्षेत्रको फोहरमैला र सामाजिक प्रभावको अध्ययन छैन ।

यो शोध कार्य व्यास नगरपालिका वडा नं.११ बागबजार टोलभित्र बसोबास गर्ने समुदायका मानिससँगको अध्ययन मात्र हो । साथै यो शोध कार्य पृथ्वी नारायण क्याम्पस स्नातकोत्तर तह समाजशास्त्र मानवशास्त्रको शोध कार्यका लागि मात्र गरिएको हो । यस अध्ययनमा तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ११ बागबजार टोलमा फोहरमैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभावको अध्ययन गरिएको हुनाले समग्र नेपालका ठाउँको लागि सामान्यीकरण नहुन पनि सक्छ । तर यस अध्ययनले सामाजिक एवं वातावरणीय अध्ययन भने गराउँछ ।

## १.६ अध्ययनको सङ्गठन

यस शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोधपत्रको परिचय दिइएको छ । जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययको महत्व, अध्ययनको सीमा र अध्ययनको संगठन राखिएको छ । त्यसै गरी अध्याय दुईमा सन्दर्भ साहित्यको समीक्षा/पुनरावलोकन राखिएको छ । अध्याय तीनमा अनुसन्धान पद्धति राखिएको छ । जसमा अनुसन्धान क्षेत्र छनोट, अध्ययनको ढाँचा, तथ्याङ्क प्रकृति र स्रोत नमूना छनोट, तथ्याङ्क छनोट विधि रहेका छन् । अध्याय चारमा तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण राखिएको छ । जसमा अध्ययन क्षेत्रको जनसङ्ख्या, अध्ययन क्षेत्रको जनसङ्ख्याको वितरण, सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक विशेषताहरू जसमा शैक्षिक, स्वास्थ्य, यातायात, संचार, मनोरञ्जन, सुरक्षा, उद्योग व्यापार, ऐतिहासिक तथा पर्यटकीय स्थल, धार्मिक तथा सांस्कृतिक स्थल, अध्ययन क्षेत्रमा जाति जनजातिको अवस्था, परिवारको प्रकार, उत्तरदाताको शैक्षिक स्तर, धर्म, पेशा, फोहरको प्रकार, वर्गीकरण, बेचबिखन, फोहरमैला व्यवस्थापनको अवस्था, फोहरमैलाले पारेको सामाजिक तथा वातावरणीय प्रभाव, फोहर व्यवस्थापनबाट हुने लाभहरू, अध्ययन क्षेत्रमा अन्य संघसंस्थाको भूमिका रहेका छन् । अध्याय पाँचमा सारांश, निष्कर्ष, र सुझावहरू राखिएको छ । अन्तमा खुला प्रश्नावली, उत्तरदाताको नाम, नगरपालिकाको नक्सा, उत्तरदाताको तस्वीर, वातावरणीय प्रभावको नमूना तस्वीर राखिएको छ ।

# अध्याय : दुई

## सन्दर्भ साहित्यको समीक्षा/पुनरावलोकन

यस खण्डमा फोहर मैलाको कारणले सामाजिक वातावरणीय रूपमा पारेको असरसँग सम्बन्धित पूर्व साहित्यहरूको बारेमा समीक्षा गर्ने प्रयास गर्दै फोहर र फोहरसँग सम्बन्धित पूर्व साहित्यको अध्ययन गरिएको छ। साथै समाजशास्त्रीय सिद्धान्तहरूको सैद्धान्तिक समीक्षा गर्दै त्यसको प्रकाशमा पूर्व साहित्य समीक्षा गरिएको छ।

## २.१ सैद्धान्तिक समीक्षा

समाजशास्त्री, मानवशास्त्रीहरूले कुनै पनि विषयको बारेमा अध्ययन अनुसन्धान गर्दा अध्ययन अनुसन्धानको विषयलाई समाजशास्त्र, मानवशास्त्रमा विकसित सिद्धान्तहरू मध्ये सम्बन्धित एक वा बढी सिद्धान्तसँग सम्बन्धित गरेर अनुसनधान गर्नुपर्दछ । यसरी अनुसन्धान गर्दा बढी वैज्ञानिक, सैद्धान्तिक हुने हुँदा त्यहाँ प्रस्तुत विषयको अनुसन्धानमा केही सिद्धान्तहरूको दायराभित्र बसेर अनुसन्धान गरिएको छ।

ती सिद्धान्तहरूलाई आधार मान्दै फोहर र त्यसबाट समाज, व्यक्ति र वातावरणमा पार्ने नकारात्मक प्रभाव बारेमा अध्ययन गरिएको छ । यहाँ खासगरी आधुनिकीकरण सिद्धान्त, प्रकार्यवादी सिद्धान्त उद्विकासवादी सिद्धान्त, माक्सवादीहरूलाई मुख्य रूपमा आधार मानेर अध्ययन गरिएको छ।

### आधुनिकीकरण सिद्धान्त

आधुनिकीकरण सिद्धान्त सन १९५०-१९६० को दशकमा देखा परेको हो । यस सिद्धान्तको मूल भूत सिद्धान्त भनेको समाज परिवर्तनशील छ। त्यसभित्रका क्रियाकलाप, संस्कृति, पेशा पनि परिवर्तनशील छ। साथै स्वयं मानिस आफू पनि आफ्ना आवश्यकता पूरा गर्न प्रत्येक समाज परिवर्तनशील छ । समाजको प्रारम्भिक चरण भन्दा वर्तमान चरण बढी परिवर्तनशील छ। समाज सधै आधुनिकतातर्फ उन्मुख हुन्छ भन्ने तथ्यमा आधारित छ। आधुनिकता भनेको समाज एक परम्परागत र रुढीवादी ढाँचाबाट आधुनिक, सभ्य र

औद्योगिक तहमा पुग्ने प्रक्रिया हो । यस प्रक्रियामा समाज प्रारम्भिक, मध्यम र उच्च तह पार गर्दै समाजभित्रका आर्थिक, सामाजिक, धार्मिक, भौतिक, राजनैतिक, लगायत मानविय मनोवृत्तिमा पनि बढी कुशल तथा उदारतातर्फ लक्षित भई समाजको विकास प्रक्रिया अगाडि बढ्छ ।

आधुनिकीकरणले उत्पादन प्रणाली सरल ग्रामीण मुखीबाट आधुनिक प्रविधियुक्त बनाउदै जान्छ । पेशामा परम्परागत भन्दा आधुनिक र विशिष्टिकरण हुँदै जान्छन् । सामाजिक परम्परा, चालचलन, रीतिरिवाज र धार्मिक कुराहरूमा आधुनिकतातिर लम्किरहन्छ । पुराना परम्परागत ग्रामीण समाज आधुनिकीकरणतर्फ लम्कन्छ । मानिसलाई उद्योगको विकाससँगै शहरमुखी भइ शहर केन्द्रित हुन्छन् । "आधुनिकीकरण कुनै पनि कुराहरूलाई नविकरण गर्दै विकास एवं सामाजिक विकाससँग सम्बन्धित हुन्छ ।" आधुनिकीकरण सिद्धान्तका अवधारणाहरू बेथ र दुर्खिमका सामाजिक परिवर्तन सम्बन्धी विशलेषणमा आधारित छन् । यस सिद्धान्तका आधारमा मानिस प्रारम्भिक तहबाट विकसित हुँदै जाँदा शहरीकरण, औद्योगिकीकरण बढ्दै जन्छ । जसका कारण त्यस क्षेत्रको फोहरमैलाले मानव जीवन र नदी खोला लगायत अन्य वातावरणीय क्षेत्रमा यसले पार्ने प्रभावलाई अध्ययन गरिएको छ ।

## २.२ उपलब्ध साहित्यको परिचय र समीक्षा

नेपालमा सन् १९८१ बाट मात्र त्रिभुवन विश्व विद्यालयमा समाजशास्त्र, मानवशास्त्रको अध्ययन छुट्टै रूपमा शुरु भएको हो । वि.सं. २००७ सालदेखि नेपालमा शिक्षाको ढोका खुलेपछि मात्र विदेशीहरूले समाज रूपमा खोज गरेका छन् । १०४ वर्षको राणाकालिन समयमा सर्वसाधारणलाई अध्ययन गर्न दिएको थिएन । अहिले स्वदेशी तथा विदेशी समाजशास्त्रीहरूको धेरै जाति, जनजाति र अन्य क्षेत्रमा अध्ययन अनुसन्धान गरिरहेका छन् । ती मध्ये थोरैले मात्र फोहरमैलाले वातावरण मानव जीवनमा पारेको प्रभाव विषयमा अध्ययन शोधकार्य केहीले मात्र गरेका छन् । यस विषयमा बेला बेलामा पत्रपत्रिका, लेखरचना प्रकाशन भएको पाइन्छ । काठकाडौं लगायतका ठूला शहरमा यसको प्रभाव बृहत्तर रूपमा परेको पाइन्छ ।

अमृतकुमार भण्डारी (२०५९), ले "The Pollution of the Seti River in Pokhara" विषयमा आधारित रही गरिएको शोधपत्रमा कसरी सेती नदी दिनप्रतिदिन दुर्गन्धित बन्दैछ भन्ने विषयलाई विश्लेषण गरिएको छ । वर्तमान अवस्थामा पोखरा बजार शहरीकरणमा तिब्र बृद्धि भैरहेको कारण शहरबाट उत्पादन हुने फोहरमैला ढलको पानी, विभिनन चाडपर्वमा नदीमा फालिने बस्तु, गिटी बालुवाको बढी निकासी जस्ता क्रियाकलापले असर पारेको उल्लेख छ । त्यसबाट मानव जीवन र वातावरणमा नकारात्मक असर रहेको निश्कर्ष रहेको छ ।

शाक्य, निरज (२०५९) द्वारा तयार पारिएका शोध पत्रमा बुटवल नगरपालिकाको फोहरमैला व्यवस्थापनमा जनसहभागिता कसरी जुटाउन सकिन्छ भन्ने विषयमा एक समाजशास्त्रीय अध्ययन गरेको पाइन्छ । उनको यस अध्ययनबाट बुटवल नगरपालिकाको वडा नं. ६, ७ र ८ अन्तर्गत राममन्दिर पथ, अमर पथ र ट्राफिक चोकलाई मुख्य अध्ययन क्षेत्र निर्धारण गरी टोलका ९० घरधुरीका उत्तरदाताहरूसँग फोहरमैला व्यवस्थापन र जनसहभागिताको स्थितिलाई जोड दिएर गरिएको अवस्थामा फोहरमैला व्यवस्थापनमा देखिएका समस्याहरू सरकारी तथा गैरसरकारी संघसंस्थाको भूमिका शिक्षित वर्गहरूमा पनि जनचेतनाको आवश्यकता रहेको निष्कर्ष निकालिएको पाइन्छ । फोहरमैला व्यवस्थापन गर्न नसक्दा वातावरण र समाजलाई नराम्रो प्रभाव पर्छ भन्ने कुराको निष्कर्ष पाइयो ।

घिमिरे, कृष्णराज (२०६८) द्वारा तयार पारिएको, “व्यास नगरपालिकामा फोहरमैला व्यवस्थापनमा देखिएको समस्या र चुनौती र संम्भावना” विषयमा शोध पत्र तयार पारिएको छ । उक्त शोध पत्र व्यास नगरपालिकाभित्र रहेका शहरी वडाहरूमा फोहरमैला व्यवस्थापनमा देखिएको समस्या र फोहरले समाज र वातावरणमा समाजलाई के चुनौती दिईरहेको छ भन्ने सबै विषयमा प्रष्ट पाउन सकिन्न ।

रेग्मी, गोपीकृष्ण (२०५५) ले काठमाडौं महानगरपालिकाको वडा नं. ९ को फोहरमैलाको समस्यालाई प्रमुख विषय बनाई अध्ययन गरिएको छ । यस अध्ययनमा वडाको जम्मा घरधुरी संख्याको १० प्रतिशतले हुन आउने १४० घरहरूमा प्रश्नावलीको आधारमा तथ्याङ्कको संकलन गरी अध्ययन गरिएको छ । उक्त शोध पत्रमा प्राविधिक तथा बजेटको वृद्धि गरी समाधान खोजिनु पर्ने कुरा औल्याइएको छ । तर कसरी फोहर व्यवस्थापन गर्ने, फोहरले वातावरण र समाजमा कस्तो असर पार्छ भन्ने बारेमा महत्व दिएको देखिदैंन ।

उनको शोध पत्रमा जनसहभागिताको भूमिका माथि उतिकै महत्वपूर्ण स्थान रहेको पुष्ट पारेका छन् । साथै जनचेतना जोगाउन शिक्षामा जोड दिइएको पाइयो ।

खत्री (१९८७), मा काठमाडौंको विष्णुमति र बागमती नदीमा पानी कसरी दुषित भैरहेको छ । दुषित हुनका कारणहरूको बारेमा अध्ययन गरेको पाइन्छ । पानी दुषित हुनका कारणहरूमा नाली र ढल सिधा नदीमा मिसाइएको, धार्मिक एवं सामाजिक परम्परा अनुसार नदीमा नुहाउने, अन्य फोहरवस्तुहरू नदीमा जथाभावी फाल्नाले नदीहरू दुषित बन्दै गएको पुष्ट्याइएको छ ।

धमला (१९९०), ले काठमाडौंको पशुपति क्षेत्रमा भएको वातावरण प्रदुषणको बारेमा अध्ययन गरेको पाइन्छ । उनको अध्ययनमा पशुपति क्षेत्रको सुन्दरता प्रदुषणका कारण दिनप्रतिदिन बिग्रदै गएको अवस्था औल्याइएको छ । पशुपति क्षेत्रमा भक्तजनहरूले पूजाका लागि लगेका सामग्रीको उचित व्यवस्थापन नगर्दा जथाभावी फाल्दा वातावरणलाई प्रदुषण गरेको बारे अध्ययन गरेको पाइन्छ भने पशुपति क्षेत्रमा धार्मिक परम्परा अनुसार भक्तजनहरूले नुहाउने, कपडा धुने र अन्य सामान जथाभावी फाल्दा पानी पिउनको लागि दुषित भएको कुरा व्याख्या गरिएको छ ।

शाह (१९९७), ले काठमाडौंको विभिन्न स्थानहरू जस्तै असन, बागबजार, डिल्लीबजार र कालीमाटी क्षेत्रमा खाने पानी प्रदुषित हुनमा नदी नै दुषित भएका बारे अध्ययन गरेका छन् ।

शर्मा (२००३), ले बुटवलको तिनाऊ नदीको धामको बारेमा अध्ययन गरेका छन् । धामको सही व्यवस्थापन गर्न नसक्दा नदीमा प्रदुषण बढेको कुरा एक समाजशास्त्रीय अध्ययन गरेका छन् । मानिसहरू खोला नदीमा नुहाउने, ढुंगा, बालुवा निकाल्ने र फोहोर त्यही फाल्ने, माछा मार्ने, कपडा धुने, जस्ता कारणबाट नदीको सुन्दरता घट्दै गएको देखाइएको छ । यसबाट के बुझ्न सकिन्छ भने तिनाउ धाममा व्यवस्थापनको कमीले नदीमा समस्या आएको कुरा उल्लेख गरिएको छ । साथै वातावरण र मानिसलाई पनि प्रभाव र नोक्सानको बारेमा ध्यान नपुगेको देखिन्छ ।

के.सी. (२०५४), ले “सेती नदीको पवित्रता कहिले सम्म ?” शीर्षकमा मानिसहरूले आफ्नो धर्म र संस्कारका कारण सेती नदीमा प्रदुषण बढाउदै गएको कुरा उल्लेख गरेको पाइन्छ । सेती नदी दुषित बन्दै जानुका पछाडि, अव्यवस्थित बसोबास, नदीमा शहरका सबै फोहरमैला जथाभावी फालिदिनु र नदीमा फोहर फाल्दा के प्रभाव पर्छ भन्ने कुराको दुरदृष्टि नहुनु नै हो । जसका कारणबाट वातावरणमा पर्ने प्रभाव र जलप्राणीमा पर्ने प्रभावका बारेमा उल्लेख गरेको पाइन्छ ।

प्रो. पब्लिक (२०५७), ले प्रकाशन गरेको वातावरण सम्बन्धी सार्वजनिक सुनुवाइमा पोखरा उपमहानगरपालिका भै रहेका फोहर व्यवस्थापनलाई लिएर पोखरा उपमहानगरपालिका मेयर, कृष्ण थापा, प्रमुख जिल्ला अधिकारी कास्की, योजना आयोग जस्ता निकयालाई सचेत बनाएको कुरा यहाँ उल्लेख गर्न सकिन्छ ।

घिमिरे, लक्ष्मीप्रसाद (२०६२), ले “शहरी फोहरमैलाः ठूलो समस्या र सरल समााधन” शीर्षक मा प्रकाशित पुस्तकमा फोहरमैलाको अर्थ, फोहररहित शहर निर्माणमा नागरिकको भूमिका, फोहरलाई पुन प्रयोग, मल बनाउने तरिका, वातावरणसँग सम्बन्धित गीत कविता जस्ता कुरा उल्लेख गरेको पाइन्छ । तर फोहरमैलाले वातावरण र मानव जीवनमा पार्ने प्रभावका बारेमा अहिलेसम्म यस्तो अध्ययन नभएको हुनाले यो अभावलाई पूरा गर्ने प्रयास स्वरूप यो अध्ययन शोध कार्य गर्नुपर्ने आवश्यक देखिएको हो ।

सरसफाईलाई आत्म सम्मान स्वास्थ्य र सभ्य समाज विकासको आधार स्तम्भको रूपमा लिएको छ । सरसफाई सुविधाको उपभोग गर्न पाउनु हरेक नागरिकको नैसर्गीक अधिकार हो । सरसफाई प्रवर्द्धनमा व्यक्ति, समुदाय र राज्यको समान दायित्व हुन्छ । यद्यपी विश्वका करिब ५९ प्रतिशत जनताहरूले मात्र आधारभुत सरसफाई सुविधाको उपभोग गरेका छन् (पूर्ण सरसफाई अभियान, तनहुँ २०६५) ।

सन् १९८१ मा सयुक्त राष्ट्र संघद्वारा खानेपानी तथा सरसफाई दशकको घोषणा गरेसँगै राज्यले सरसफाईलाई प्राथमिकताको क्षेत्रमा राखेको देखिन्छ । सन् १९९० मा भएको अध्ययनले ६ प्रतिशत घरहरूमा चर्पीको सुविधा भएको देखाएको छ भने सन् १९९६ मा आएर यो सुविधा १५ प्रतिशत वृद्धि भएको देखिन्छ । यस्तै सन् २००१ मा २५ प्रतिशत, सन् २००५ मा ३९ प्रतिशत र हाल ४६ प्रतिशत घरहरूमा आधारभूत सरसफाई सुविधा भएको

कुरा प्रतिवेदनले देखाएको छ । सन् २०१७ सम्ममा सबैको लागी सरसफाई तथा सन् २०१५ सम्म ५३ प्रतिशत जनतालाई सरसफाई सुविधा पुऱ्याउने सहस्राव्दी विकास लक्ष्य पूरा गर्न सकिने सम्भावना टाढा देखिदैन (पूर्ण सरसफाई अभियान, तनहुँ २०६५) ।

व्यास नगरपालिकाको वडा नं १, २, १० र ११ को प्रमुख बजार क्षेत्रहरूमा सर्वेक्षण गर्दा घरायसी फोहर ७२ प्रतिशत (औषत) जैविक फोहर, अजैविक फोहर २८ प्रतिशत रहेको छ (व्यासनगर गतिविधि २०६४) । यसरी नै व्यवसायी होटलबाट निस्कने फोहोर ६४ प्रतिशत जैविक र बाँकी ३६ प्रतिशत अजैविक फोहर रहेको छ । कुहिने फोहरलाई कम्पोष्ट मल बनाउन सकिन्छ भने अजैविक फोहरलाई पुनः प्रयोग केन्द्रमा पुऱ्याउन सकिन्छ । त्यसैगरी बाँकी फोहरलाई व्यवस्थित गर्नको लागि ल्याण्डफिल्ड साईडको आवश्यकता पर्दछ ।

वातावरणीय ऐन २०५३ मा निम्न वातावरण सम्बन्धमा निम्न कुराहरूको उल्लेख गरेको छः

१. कसैले पनि वातावरणमा उल्लखनीय प्रतिकुल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदुषण सृजन गर्न वा तोकिएको मापदण्ड विपरित कुनै यान्त्रीक साधन औदोगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियो धर्मी, विकिरण तथा फोहर मैला निश्कासन गर्न गराउन हुदैन ।
२. यदि १ मा उल्लेखित कुराको विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव परेको देखिएमा सम्बन्धित निकायले तत् सम्बन्धमा आवश्यक शर्तहरू तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।
३. कुनै किसिमको पदार्थ, इन्धन, औजार वा सयंन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव परेको वा पर्ने देखिएमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकासित गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रमा रोक लगाउन सक्नेछ ।

फोहर मैला व्यवस्थापन आज सरकारको लागि एउटा चुनौतीको रूपमा खडा भएको छ । आर्थिक र वातावरणलाई हानी नपुऱ्याई फोहरमैला व्यवस्थापन र विसर्जन गर्ने समस्या सम्पूर्ण विकसित र विकासोन्मुख मुलुकहरूले भोगिरहेका छन् । नेपाल जस्तो विकासोन्मुख देशमा दैनिक रूपमा निस्कने फोहर ठिक ठाउँ र ठिक समयमा तह लगाउन के महिला के पुरुष दुवै मिलि दुवैको सहभागीताद्वारा विभिन्न कार्यक्रमहरू सञ्चालन र कार्यन्वयन गरेर त्यस्तो चुनौतीको सामना गर्न सकिन्छ ।

घोराही नगरपालिकाको शहरी क्षेत्रबाट मात्र दैनिक १२ टन फोहरमैला उत्पन्न हुने गर्दछ । यस्तो फोहरलाई विर्सजन गर्न फोहरमैला व्यवस्थापन क्षेत्र (Sanitary Landfill Site) अति आवश्यक हुन्छ । यसले गर्दा घोराई नगरपालिकाको वडा नं. ९ करौते डाँडा स्थित फोहरमैला व्यवस्थापन क्षेत्र निर्माण गर्न नगरपालिकाले आ.व. २०५७/०५८ देखि निर्माण कार्यको शुरु गरेको र २०६२ साल आषाढ ३१२ गतेबाट फोहरमैला विसर्जन गरिएको छ जसले अहिले नेपाल अधिराज्य भरी यसलाई नमुनाको रूपमा हेर्न थालिएको छ । जसले फोहरमैलाको व्यवस्थापनलाई सजिलो तुल्याउन सक्छ । यसमा राष्ट्रिय योजना आयोगको सहयोग रहेको थियो (घोराही नगरपालिका मुखपत्र, २०६६) ।

पुर्व साहित्यको अध्ययन र सूचना तथा तथ्यका आधारमा यस अध्यायमा विश्लेषण हुने देखिन्छ । व्यास नगरपालिमा शहरीकरणको प्रभाव परिरहेको, बसाइसराइको कारणले जनसङ्ख्या वृद्धि, उद्योग, व्यापारको क्षेत्रमा वृद्धि भईरहेको सन्दर्भमा फोहोरमैलाको उत्पादन, सोको व्यवस्थापनको अवस्था र वास्तविकतालाई खोजी गर्ने अवधारणा निर्माण भएको छ ।

# अध्याय : तीन

# अनुसन्धान पद्धति

वर्तमान अध्ययन सम्बन्धित क्षेत्रको प्रारम्भिक तथ्याङ्क सङ्कलनमा आधारित छ । अध्ययनमा द्वितीय स्रोतहरूमा विभिन्न शोध पत्रसँग सम्बन्धित पुस्तक, लेख रचना, पत्रपत्रिका प्रकाशित अप्रकाशित पुस्तक र लेखहरू एवं सम्बन्धित साहित्यको सहयोग लिइएको छ ।

## ३.१ अनुसन्धान क्षेत्र छनोट

व्यास नगरपालिका पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल तनहूँ जिल्लामा अवस्थित छ । सेती र मादी नदिको पवित्र संगम तटमा अवस्थित महर्षि वेदव्यास र पराशरको तपोभुमि तथा कर्मक्षेत्र रहेको विश्वास गरिएको यस व्यासनगरपालिका देशको वहुदलिय प्रजातन्त्रको पुन स्थापना पश्चात दमौली गा.वि.स.को केही क्षेत्रलाई समेटेर २०४८ साल चैत्र महिनामा व्यासनगरपालिकाका नामकरण गरी घोषणा गरिएको छ ।

यस नगरपालिकाको पुर्वतर्फ पोखरी भञ्याङ्ग, घाँसीकुवा र बरभञ्याङ्ग गा.वि.स पश्चिमतर्फ जामुने, मनपाङ्ग र स्याम्घा गा.वि.स रहेको छ साथै उत्तरतर्फ क्यामिन र तनहुँसुर गा.वि.स रहेको छ भने दक्षिणतर्फ कोटदरबार र काहुँशिवपुर गा.वि.स. रहेको छ । यस नगरपालिका ५९ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ । यस नगरपालिकालाई ११ वटा वडाहरूमा विभाजन गरिएको छ । यस मध्ये वडा नं २, १० र ११ शहरीक्षेत्रमा पर्दछ भने वडा नं १, ७ र ८ अर्धशहरी क्षेत्र र अन्य वडाहरू ग्रामीण क्षेत्रमा पर्दछन ।

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ११ अन्तर्गत बागबजार टोल पर्दछ । यस टोलमा विभिन्न जाति र जनजाति, दलित र अन्य जातिका मानिसहरू बसोबास गरेको क्षेत्र हो । फोहोरको प्रकृति, प्रवृत्ति र अवस्थाले गर्दा अध्ययनको विषयको छनोट गरिएको छ ।

जनसङ्ख्याको हिसाबले यस टोल विकास संख्या भित्र करिब १०० घरधुरी छन् । जस मध्ये बाम्हण, मगर, क्षेत्री, नेवार, गुरुङ, कामी, कुमाल, वोटे, सार्की, ठकुरी रहेका छन् । फोहोरको

कारण सामाजिक एवम् वातावरणीय प्रभाव कस्तो रहेछ भन्ने उत्सुकताले यो क्षेत्र उद्देश्यपूर्ण रूपमा छनोट गरिएको हो ।

## ३.२ अध्ययनको ढाँचा

यस अध्ययन व्याख्यामत्क र विश्लेषणात्मक रहेको छ । व्यास नगरपालिका वडा नं.११ बाग बजार टोलमा फोहोर मैला उत्पादन हुने क्षेत्र वा निकाय त्यसको व्यवस्थापनमा देखिएको समस्या र समाज र वातावरणलाई त्यसले पारेको प्रभावको वारेमा अध्ययन गर्ने विश्लेषणात्मक व्याख्या गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

अनुसन्धानको उद्देश्य प्राप्त गर्नको लागि प्राथमिक र द्वितीय स्रोत दुवै प्रकृतीका तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क स्थलगत स्रोतबाट संकलन गरिएको छ भने द्वितीय तथ्याङ्क विविध प्रकाशित तथा अप्रकाशित सन्दर्भ सामग्री जस्तै जनगणनाको तथ्याङ्क विवरण विभिन्न प्रकाशनका पुस्तकहरू, शोध पत्रसँग सम्बन्धित लेख रचनाहरू शोध ग्रन्थहरू रहेका छन् । त्यस्तै जि.वि.स नगरपालिकाबाट प्रकाशित प्रोफाइलहरूबाट पनि सामग्री सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्ख्यात्मक र गुणात्मक प्रकृतिका हुनेछन् ।

## ३.४ नमुना छनोट

यस अध्ययन क्षेत्र तनहुँ जिल्लाको व्यास नगरपालिकामा पर्दछ । जसमा ११ वटा वडा रहेका छन् तीमध्ये वडा नं. ११ लाई सम्भावनायुक्त नमुना छनोट विधिमार्फत् छनोट गरियो । वडा नं. ११ का १४ टोल विकास संस्थाहरूमध्ये बागबजार टोल पनि सम्भावनायुक्त नमुना छनोटको आधारमा छनोट गरियो भने उक्त टोलमा जम्मा १०० घरधुरीहरू रहेका छन् । ती १०० घरधुरीमध्ये ६० प्रतिशत वा ६० घरधुरीलाई विभिन्न जाती, व्यवसायीहरूलाई समेट्दै विवेक सम्मत् रूपले उद्देश्यपूर्ण नमुना छनोट विधिबाट उत्तरदाता छनोट गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनसँग सम्बन्धित आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा तथ्याङ्क सङ्कलनका निम्न महत्वपूर्ण विधिहरूको आधारमा वर्गिकरण गरी व्यवसाय, शैक्षिक स्थिती विभिन्न पेशा अपनाएका संख्या आदिलाई समेटिएको छ ।

### ३.५.१ प्रश्नावली अनुसूची

अध्ययनमा आवश्यक पर्ने तथ्याङ्क सङ्कलनको लागि अर्ध संरचित प्रश्नावली तयार पारिएको थियो जुन प्रश्नावली उत्तरदातासँग अनुसन्धानकर्ताले प्रत्यक्ष सम्पर्क गरी सूचना सङ्कलन गरिएको छ ।

### ३.५.२ अवलोकन

सूचना सङ्कलनको क्रममा कतिपय सूचनाहरू अनुसन्धानकर्ता कार्य क्षेत्रमा गइ वलोकन विधिबाट संकलन गरिएको छ । त्यसमा फोहरमैलाले पारेको सामाजिक एवं वातावरणीय प्रभावको बारेमा प्रत्यक्ष रूपमा विषयवस्तु उतार्न सहयोग मिलेको छ ।

### ३.५.३ समूह केन्द्रित छलफल

समूह केन्द्रित छलफलबाट अध्ययन गर्दा शोधकर्ता स्वयं प्रत्येक क्षेत्रमा गई फोहरमैलाले पारेको सामाजिक तथा वातावरणीय प्रभाव विषयमा बुझ्न सहयोग पुगेको वास्तविक कुरा पत्ता लगाउन यस विधिको प्रयोग गरिएको छ ।

### ३.५.४ अन्तरवार्ता

यस अध्ययनको क्रममा समुदायका विभिन्न व्यक्तिसँग अन्तरवार्ता लिइएको छ । अन्तरवार्ताको क्रममा होटल, व्यवसाय, संचालक, फलामका औजार निर्माण, सुंगुरपालक किसानसँग अन्तरवार्ता लिइएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनलाई बढी प्रामाणिक र स्पष्ट बनाउनका लागि तथ्याङ्क सङ्कलन कार्यमा वढी शुद्ध निश्चित र तार्किक विश्लेषण र तरिकाहरू अवलम्वन गरिएको छ । शोध अध्ययनमा संख्यात्मक र गुणात्मक दुवै किसिमको तथ्याङ्कहरू विश्लेषण गरिएको छ । त्यस्तै प्राथमिक र द्वितीयक श्रोतवाट सङ्कलित तथ्याङ्कहरूवाट अनुसन्धानको उद्देश्य अनुसार मात्र प्रस्तुती र चर्चा गरिएको छ । तथ्याङ्कको विश्लेषणको क्रममा फोहर मैलाले पारेको सामाजिक एवं वातावरणीय प्रभाव र समुदायका सदस्यहरूवाट संकलित कोरा तथ्याङ्कमा आधारीत रहेर सम्पादन गर्ने, संकलित तथ्यसँग मिल्दोजुल्दो छ, छैन जाँच गर्ने, प्राप्त सूचनाहरूलाई संख्यात्मक रूपमा अभिव्यक्त गरी तालिकामा देखाइएको छ । सामान्यतय संख्यात्मक रूपमा प्रस्तुत गर्ने तथ्याङ्ककलाई साधारण तालिकामा सं्ङख्या ं र प्रतिशतमा प्रस्तुत गरी विश्लेषण र व्याखा गरिएको छ ।

# अध्याय : चार

# तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

## ४.१ अध्ययन क्षेत्रको जनसङ्ख्याको वितरण

व्यास नगरपालिकाको स्थापना २०४८ सालमा भएको हो । २०५३ सालमा व्यासनगरपालिका कार्यालयले गरेको सर्वेक्षण अनुसार यस नगरको जनसङ्ख्या २४२५९ रहेको थियो । २०५८ को राष्ट्रिय जनगणना अनुसार यस नगरको जनसङ्ख्या २८२४५ थियो भने २०६७ मा न.पा ले गरेको सर्वेक्षण अनुसार कुल जनसङ्ख्या ३५२७८ रहेको छ । जसमा पुरुष १७८६८ महिला १७४१० रहेको थियो । जसमा यस वडा नं. ११ को जनसङ्ख्या ११८० रहेको पाइन्छ ।

**तालिका ४.१ : जातीय आधारका जनसङ्ख्याको वितरण**

| सि नं | जाती | जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | गुरुङ | ३०० | २५.५ | |
| २ | ब्राहमण | २५० | २१.१८ | |
| ३ | दरै | २५० | २१.१८ | |
| ४ | नेवार | १५० | १२.७१ | |
| ५ | क्षेत्री | १०० | ८.४७ | |
| ६ | दमै | ५० | ४.२५ | |
| ७ | सार्की | ३५ | २.९६ | |
| ८ | कामी | २० | १.६ | |
| ९ | मगर | २० | १.६ | |
| १० | ठकुरी | ५ | ०.४२ | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | ११८० | १०० | |

स्रोतः- राष्ट्रिय जनगणना २०५८ ।

माथिको तालिका अनुसार यस क्षेत्रमा सबै भन्दा बढी २५.५ प्रतिशत गुरुङ र २१.१८ प्रतिशत ब्राहमण र दरै समुदायका मानिसहरूको बसोबास रहेको देखिन्छ भने त्यसपछि क्रमशः नेवार, क्षेत्री, दमै, सार्की, कामी, मगर, ठकुरी आदि जातीहरूको बसोबास रहेको पाईन्छ ।

## ४.२ सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक विशेषताहरू

महर्षि बेदव्यासको जन्मभुमि यहि क्षेत्रमा भएको हुनाले त्यहि नामको आधारमा व्यास नगरपालिकाको नामकरण गरेको पाईन्छ । तनहूँ जिल्लाको सदरमुकाम रहेको दमौली बजार तनहूँको प्रमुख व्यापारीक केन्द्रको रूपमा रहेको छ  यसको अलवा आबुखैरेनी, डुम्रे, बन्दिपुर, थर्पु, खैरेनीटार, दुलेगौंडा आदि व्यापार व्यवसायको हिसावले महत्वपुर्ण बजारहरू रहेका छन् । क्षेत्रफलको आधारमा यो नगर सानो भएपनि यहाँ धेरै जातिका मानिसहरू जस्तै ब्राहमण, मगर, क्षेत्री, गुरुङ, दरै, बोटे, कुमाल, नेवार आदि बसोबास गर्दछन । सबै जातिहरूको आ-आफ्नै भाषा, धर्म संस्कृति रहनसहन रहेको पाईन्छ । नेपालका एकमात्र कुसुण्डा जातिका राजामामा पनि यहि नगरमा बसोबास गर्दछन ।

यहाँका जातिहरूको आ-आफ्नै मातृ भाषा रहेपनि नेपाली भाषा नै बढि प्रचलित रहेको छ । धार्मिक दृष्ट्रिकोण बाट हेर्दा हिन्दु धर्मलम्बीहरूको बाहुल्यता रहेको यस नगरमा बौद्ध, इस्लाम, क्रिश्यन आदि धर्म मान्ने मानिसहरू पनी रहेका छन ।

### ४.२.१ शैक्षिक अवस्था

यस व्यासनगरमा पुर्व प्राथमिक विद्यालयहरू ३५ वटा रहेका छन । जुन वालविकास केन्द्र अन्तर्गत सञ्चलित रहेका छन । त्यसै गरी प्राथमिक विद्यालयहरू ३० वटा रहेका छन जस मध्ये १९ वटा सरकारी र ११ वटा निजि स्तरका रहेका छन । त्यसै गरी निम्न माध्यमिक विद्यालय १४ वटा रहेका छनजसमध्ये ६ वटा सरकारी छन भने ८ वटा निजी स्तरबाट

संचालित छन । माध्यमिक विद्यालय तर्फ सरकारी ६ निजी ८ वटा संचालित रहेका छन । उच्च माध्यमिक विद्यालय तर्फ ६ वटा छन  जसमध्ये ४ वटा सरकारी र २ वटा निजि क्षेत्रबाट संचालित छन । क्याम्पस तर्फ ३ वटा छन जसमध्ये १ पब्लिक र २ निजी स्तरका रहेका छन । तलिम केन्द्र तर्फ क्षेत्रिय तालिम केन्द्र १ छ भने निजी स्तरबाट संचालित गण्डकी टेक्निकल सेन्टर रहेको छ । यसरी माथिको तथ्याङ्कलाई हेर्ने हो भने यहाँ प्राथमिक तह देखि उच्च शिक्षा हासिल गर्नको लागी अन्यत्र जानु पर्ने बाध्यात्मक अवस्था रहेको छैन । यस नगरको साक्षरता प्रतिशत ८२.६० प्रतिशत रहेको छ (तनहूँ शैक्षिक दर्पण २०६६) ।

### ४.२.२ **स्वास्थ्य सेवा**

यस नगरमा सरकारी स्तरबाट संचालित दमौली अस्पताल र जिल्ला आयुवेर्दिक औषधालय छन् भने निजी क्षेत्रबाट संचालित हस्पिटलहरूमा व्यास सिटी हस्पिटल, एपालो हस्पिटल, दाहाल हेल्थ सेन्टर, रत्नहरि हस्पिटल लगायत अन्य मेडिकल तथा क्लिनिकहरू रहेका छन । यसले नगर तथा ग्रामिण भेग बाटआउने नगरबासी एंव जिल्ला बासीहरूको स्वास्थ्य उपचार सेवा उपलब्ध गराउदै आईरहेको छ । हाल सरकारी स्तरबाट संचालित दमौली अस्पताल विस्तारको लागी निर्माण कार्य भैरहेको छ । निर्माण सम्पन्न  भैसकेपछि यसले नगर तथा जिल्ला एंव छिमेकी जिल्लाहरूबाट उपचारको लागी आउने मानिसहरूको लागी स्वास्थ्य सेवा पर्याप्त रूपमा उपलब्ध गराउन सक्ने देखिन्छ । तर अस्पतालबाट उत्पादित फोहोरमैला जथाभावी फाल्दा र सही व्यवस्थापन गर्न नसक्दा सामाजिक र वातावरणीय रूपमा असर पारेको पाइयो ।

### ४.२.३ **यातायात सुविधा**

यातायातको हिसाबले व्यास नगर एउटा महत्वपुर्ण केन्द्रको रूपमा रहेको छ । यो नगर नेपालको राजधानी शहर काठमाडौ बाट १५० कि.मि पश्चिम पर्छ भने सुन्दर पर्यटकिय नगरी पोखरा बाट ५० कि.मि पुर्व पृथ्वी राजमार्ग सँगै पर्दछ । यहाँ बाट देशका पुर्व पश्चिम सम्पुर्ण भागमा जानको लागी यातायातको सुविधा रहेको छ । जिल्लाको विभिन्न भागहरूमा जानको लागी स्थानीय यातायात व्यवसायहरू मार्फत बस, मिनिबस, ट्याक्सी, जिप ट्रक

तथा टेक्टरहरू संचालनमा रहेको छन । जसले स्थानीय बासीहरूलाई आवत जावत तथा सर सामानहरू ढुवानीको लागी पर्याप्त सुविधा उपलब्ध भएको छ । तापनि यातायातको बढ्दो चापका कारण ध्वनि प्रदुषण, वायु प्रदुषण, यात्रुहरूको भिड र उनीहरूले प्रयोग गरेका पानीका बोतल, चाउचाउका खोल लगायत फलफूलका बोक्राबाट फोहोर जम्मा भई मानिस आवतजावतमा समस्या परेको पाइयो ।

### ४.२.४ सञ्चार सेवा

यस नगरपालिकाको सम्पुर्ण वडा हरूमा टेलिफोन सेवा उपलब्ध रहेको छ । नगरक्षेत्र भर हाल सम्म २३६८ लाईन टेलिफोन, ७० लाईन सि.डि एम.ए.र सबै वडाहरूमा मोवाइल सेवा उपलब्ध रहेको छ । नगरको सम्पुर्ण क्षेत्रमा देश विदेशमा संचार सेवा उपलब्ध हुने खालका पि.सि.ओ, कम्प्युटर सेवाहरू उपलब्ध छन । यस नगरमा जिल्ला हुलाक कार्यालय मार्फत पनि चिठी पत्रको आवत जावत भईरहेको जसले गर्दा विकट ग्रामिण क्षेत्रमा हुलाक सेवाले पनि सेवा उपलब्ध गराइरहेको छ । जिल्ला भरी हुलाक कार्यालयको संख्या ६१ रहेको छ जसले निरन्तर रूपमा सेवा उपलब्ध गराईरहेका छन । तापनि मोबाइलका रिचार्ज कार्ड जथाभावी फाल्ने सूचनाको दुरूपयोगका कारण समाजमा झै-झगडा हुने खतरा बढ्दै गएको र पत्रपत्रिकाको सही व्यवस्थापन नहुदा फोहोरमैलाको मात्रामा वृद्धि हुदै गएको पाइयो ।

### ४.२.५ मनोरञ्जन सेवा

मनोरञ्जन पनि मानव जिवनको एक अभिन्न अंग हो । यसले मानव जिवनलाई सहज बनाईको हुन्छ । व्यास नगर पालिका क्षेत्रभित्र उत्तरशिला, मेनका र मनकामना चलचित्र मन्दिर गरि ३ वटा चलचित्र हलहरू मार्फत चलचित्रहरू पदर्शन गरी मनोरञ्जन प्रदान गरीरहेका छन । विभिन्न समुदायका मानिसले खेलकुद र सांस्कृति कार्यक्रम गर्दा, भोज भतेरबाट फोहोरमैला उत्पादन हुने र त्यसको सही व्यवस्थापन नभएको पाइयो ।

### ४.२.६ सुरक्षा

व्यास नगरपालिका क्षेत्र भित्र दमौली बजारको पृथ्वी राजमार्ग सगै जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक कार्यालय रहेको छ । यसैगरी वडा नं ७ मा नेपाली सेनाको केवल जङ्ग गुल्म

रहेको छ । त्यसैगरी गणेशमान चोकमा सामुदायिक प्रहरी  कार्यालय रहेको छ । यी चार वटै निकायबाट व्यासनगरपालिका तथा जिल्ला कै शान्ति र सुरक्षाको लागी प्रहरी सेवा उपलब्ध गराएको छ । जसबाट नगरमा शान्ति र सुव्यवस्था कायम गर्नको लागी महत्वपुर्ण भुमिका खेलेको छ । फोहोरमैला सम्बन्धी चेतनाका कुरा सुरक्षा निकायबाट हुने गरेतापनि त्यति प्रभावकारी भएको पाइएन ।

### ४.२.७ उद्योग र व्यापार

व्यासनगरपालिका क्षेत्र भित्र ठुला ठुला उद्योग व्यवसाय नभएपनि साना साना उद्योग एव व्यवसायहरू प्रशस्त मात्रमा रहेका छन । उद्योगहरूमा फर्निचर उद्योग, ढुङ्गा कटिङ, क्रसर, ग्रिल, बल्क, इट्टा होजियारी, दालमोट उद्योगहरू रहेको छन । यहाँका उद्योग व्यवसायहरू स्थानीय बासी तथा अन्य ठाउँका व्यक्तिहरूले समेत राम्रो रोजगारीका अवसरहरू पाएका छन । दमौली तनहूँ जिल्लाको प्रमुख व्यापारिक केन्द्र भएको हुनाले यहा प्रशस्त मात्रामा व्यापार व्यवसायहरू संचालनमा रहेका छन । यहा होटल किराना पसल फेन्सी, पसल मिनी सुपरमार्केट आदी रहेका छन । यहा सहकारी संस्थाहरू, फाईनान्स कार्यालय तथा बैकिंङ्ग कार्यालयहरू पर्याप्त मात्रामा रहेका छन । जसले गर्दा यहाको व्यापार व्यवसाय फस्टाउन ठुलो मद्दत पुगेको छ । तनहूँ जिल्लाको सदरमुकाम दमौली भएको हुनाले दमौली व्यापारिक केन्द्रको रूपमा स्थापित भईरहेको छ । यहाँ नगरपालिका क्षेत्रभित्र नगरपालिका कार्यालयको तत्थ्याङ्क अनुसार १२०० भन्दा वढि उद्योग तथा व्यापार व्यवसायहरू संञ्चालनमा रहेका छन । ती उद्योग र यसले उत्पादन गरेको फोहोरको सही व्यवस्थापन गर्न नसकी खोला, नदीमा सिधै फाल्ने प्रचलनले नदी प्रदुषण भएको देखिन्छ ।

### ४.२.८  ऐतिहासिक तथा पर्यटकीय स्थलहरू

व्यास ऋषिको तपोभुमि व्यास नगरमा व्यास गुफा, पराशर गुफा, अनन्त गुफा, शितल गुफा, यहाँको प्रमुख धरोहरहरू हुन यसका अलवा यस नगरको सबै भन्दा उच्च स्थानमा रहेको मानुङ्गकोट बाट सुन्दर मनमोहक हिमश्रृङखलाहरूको अवलोकन गर्न पाईन्छ । यस क्षेत्रमा प्रसिद्ध पञ्चमन्दिर, कालिका मन्दिर, दुर्गा मन्दिर लगायत अन्य साना मठ मन्दिर, गुम्बा, तथा देवालयहरू रहेका छन । पर्यटक हरूको लागी मादि, सेती नदिमा ऱ्याफ्टीङ्ग र मानुङ्गकोट बाट प्याराजम्प गर्नको लागी अति उत्तम ठाउँ मानिएको छ ।  पर्यटकहरूलाई आर्कषण गर्ने माध्यम पनि भएका छन । तर पर्यटकीय र ऐतिहासिक क्षेत्रमा फोहोरको मात्रा

त्यति नै बढ्दै गएको छ । विभिन्न चाडपर्वहरूमा नदी र खोलामा धार्मिक दृश्टिकोणले फालिएका वस्तुहरूले पनि नदी प्रदुषण हुने गरेको पाइयो ।

### ४.२.९ धार्मिक तथा सांस्कृतिक अवस्था

व्यास नगरपालिका क्षेत्र भित्र विभिन्न जातजाति धर्म मान्ने मानिसहरूको बसोबास रहेको छ । जाती अनुसारका आ-आफ्नो धर्म र संस्कारहरू रहेको छ । यहा बसोबास गर्ने जातीहरूमा ब्राहमण, मगर, क्षेत्री, दरै, गुरुङ, नेवार, बोटे, कुमाल आदी रहेका छन । चाडहरूमा दशै, तिहार, ल्होसार, इद, कृष्ण अष्टमी, फागु पुर्णिमामा प्रमुख रूपमा रहेको पाइन्छ । यहा आ-आफ्नो जातीय अनुसार कौरा नाच, घाँटु नाच लाखे नाच, विभिन्न जात्राहरू, सोरठी नाच आदि प्रमुख रहेका छन । यी चाडपर्व मनाउदा जाति अनुसारको भोजन प्रयोग भईसकेपछि उत्पादित फोहोरको व्यवस्थापनमा कमी पाइयो ।

## ४.३ अध्ययन क्षेत्रमा जाति/जनजातिको अवस्था

जातिय वनोटको आधारमा नेपाल बहुजनजातिय समुहमा पर्दछ । यहाँ विभिन्न जाति जनजातिहरू बसोबास गर्दछन । अध्ययनको क्रममा अध्ययन क्षेत्रमा विभिन्न जात जातियहरूको विवरणहरू तालिका नं. ४.२ मा प्रस्तुत गरेको छ ।

**तालिका ४.२ः छनोट उत्तर दाता परिवारको जातजातिहरूको विवरण**

| क्र.सं | जाति | कुल परिवार | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ब्राहमण | ९ | ४० | १०.८१ | ४५ | १२.१६ | ८५ | २२.९७ |
| २ | नेवार | १२ | ४० | १०.८१ | ४५ | १२.१६ | ८५ | २२.९७ |
| ३ | दरै | १० | ३० | ८.११ | ४० | १०.८१ | ७० | १८.९२ |
| ४ | वि.क | ७ | २१ | ५.६८ | २० | ५.४१ | ४१ | ११.०४ |
| ५ | सार्की | ४ | १० | २.७० | १६ | ४.३२ | २६ | ७.०४ |
| ६ | मगर | ४ | ८ | २.१६ | १० | २.७० | १८ | ४.८६ |
| ७ | क्षेत्री | ५ | ४ | १.०८ | १० | २.७० | १४ | ३.७९ |
| ८ | शाह | ३ | ६ | १.६२ | ४ | १.०८ | १० | २.७० |
| ९ | गुरुङ | २ | ५ | १.३५ | २ | ०.५४ | ७ | १.८९ |
| १० | तामाङ | १ | ३ | ०.८१ | २ | ०.५४ | ५ | १.३५ |
| ११ | मुस्लिम | २ | २ | ०.५४ | ३ | ०.८१ | ५ | १.३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | बोटे | १ | ३ | ०.८१ | १ | ०.२७ | ४ | १.०८ |
| **जम्मा** | | **६०** | **१७२** | **४६.४८** | **१९८** | **५३.५०** | **४६.४८** | **१००** |

स्रोत :- स्थलगत सर्वेक्षण, २०६९ ।

अध्ययन क्षेत्रमा विभिन्न जाति जनजातिहरूको बसोबास गरिएको पाईयो । यसमा अध्ययनको क्रममा लिएको तथ्याङ्क मध्ये सबै भन्दा वढि २२.९७, ब्राहमण, नेवार जाती रहेको पाईएको छ । जम्मा १२ घर रहेको नेवार जातीमा महिला ४५ जना र पुरुष ४० जना गरी जम्मा ८५ जना रहेका छन । भने दरै, वि.क, सार्की, क्रमशः १८.९२ प्रतिशत, ११.०८ प्रतिशत, ७.०३ प्रतिशत रहेका छन् । नेवार समुदायमा अधिकांश परिवार सयुक्त परिवारको रूपमा रहेको देखिन्छ । यस जातमा परिवारका सदस्यहरू पनि वढि रहने र आफ्नो परम्परा अनुसार चाडपर्व वढि हुने र भोजभतेर वढि हुने हुँदा यस समुहबाट फोहोर मैला अन्य जातीको तुलनामा वढि निक्लने गरेको अध्ययनको क्रममा पाईएको छ । नेवार समुदायका छनोटमा परेका अधिकांश परिवारहरू व्यापार व्यावसायलागेको हुनाले त्याहाबाट निक्लने फोहोरमैलाको परिणाम वढि नै रहेको पाईयो ।

परम्परागत पेशा सञ्चालन गर्दै आएका दलित समूह र खुल्ला रूपमा सुंगुर, कुखुरा, हाँसहरू पालनपोषणको कारणसँगै शैक्षिक चेतनाको कारणले पनि दरै, वि.क. र मगर जातिको तहमा फोहोरको राम्रो व्यवस्थान नगरेको देखिन्छ ।

## ४.४ परिवारको प्रकार

समाज बन्नको लागी परिवार अपरिहार्य हुन्छ । यसको अभावमा समाजको कल्पना समेत गर्न सकिदैन । आधुनिक समाजको विभिन्न किसिमको परिवारहरू पाईन्छन । जसलाई समाजशास्त्रीहरूले एकल, संयुक्त वृहत परिवारको रूपमा वर्गिकरण गरेका छन । यस अध्यायन क्षेत्रमा उत्तरदाताहरूको परिवारलाई मुलतः एकल र संयुक्त परिवार गरी २ भागमा विभाजन गरिएको छ । एकल परिवारमा लोग्ने, श्रीमती र तिनका अविवाहित छोराछोरी बस्छन भने संयुक्त परिवारमा लोग्ने, श्रीमती तिनका विवाहित छोराछोरी, नाती नातिनी,

हजुरबुवा, हजुरआमा समेत बस्दछन । तालिका ४.३ ले छनोट उत्तरदाता परिवारको प्रकारको बारेमा जानकारी दिईएको छ ।

### तालिका ४.३ : छनोट उत्तरदाताको परिवारको प्रकार

| जाती | एकल | प्रतिशत | संयुक्त | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ब्राहमण | ६ | १६.६६ | ३ | १२.५ | ९ | १५ |
| मगर | १ | २.७४ | ३ | १२.५ | ४ | ६.५६ |
| गुरुङ | ० | ० | २ | ८.३ | २ | ३.३३ |
| नेवार | २ | ५.५ | १० | ४१.६ | १२ | २.० |
| बोटे | १ | २.७७ | ० | ० | १ | १.६७ |
| क्षेत्री | ५ | १३.८८ | ० | ० | ५ | ८.३३ |
| दरै | ८ | २२.२३ | २ | ८.३ | १० | १६.६७ |
| सार्की | ३ | ४.५४ | १ | ४.१ | ४ | ६.६७ |
| वि.क | ६ | १६.६६ | १ | ४.१ | ७ | ११.६७ |
| शह | ३ | ४.५४ | ० | ० | ३ | ५.० |
| तामाङ | - | ० | १ | ४.१ | १ | १.६७ |
| मुस्लिम | १ | २.७७ | १ | ४.१ | २ | ३.३२ |
| **जम्मा** | ३६ | **१००** | **२४** | **१००** | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिकामा छनोटमा परेका ६० परिवारमा ३६ परिवार अर्थात ६० प्रतिशत एकलपरिवार र २४ परिवार अर्थात ४० प्रतिशत सयुक्त परिवार रहेको पाईयो । यस अध्ययन एंव अनुसन्धान गर्ने क्रममा एकल परिवार बढि देखिएतापनि नेवार समुदायमा भने संयुक्त परिवारको रूपमा बस्ने परिवारको सङ्ख्या बढि रहेको पाईयो । हाम्रो समाजमा विगतको तुलनामा समयमा आएर परिवारको आकारमा परिवर्तन आएको पाईन्छ । विगतमा संयुक्त परिवारको प्रचलन बढि देखिन्थ्यो भने अहिले आएर बढ्दो महंगी, बदलिदो जीवनशैली, शहरीकरण आदिले गर्दा एकल परिवारको प्रचलन नै बढि पाईयो यसरी

आधुनिकी करणको कारणले गर्दा एकल परिवारको प्रचलन बृद्धि भएको पाईयो । जातीय हिसाबले हेर्दा नेवार जातिमा १६.६७ एकल र ८३.३३ संयुक्त परिवारको रूपमा रहेका छन । त्यसैगरी दोस्रो जात ब्राहमणमा ६६.६७ एकल परिवार र ३३.३३ संयुक्त परिवारको रूपमा रहेका छन भने मगर एकल २.७७ र १२.५ संयुक्त परिवारको रूपमा रहेका छन । त्यसैगरी सार्की परिवारमा ४.५४ एकल र ४.१ संयुक्त परिवार रहेका छन् । तामाङ र गुरुङ परिवारहरू पनि संयुक्त परिवारको रूपमा बसेको पाईन्छ ।

फोहोरमैलाको परिमाण जुन परिवारबाट सदस्यहरू बढि रहेका छन । त्यहाँ बाट वढि उत्पादन हुन्छ । यस अर्थमा एकल परिवार भन्दा संयुक्त परिवारबाट फोहोरमैला आवश्यक पर्ने बढि मात्रामा उत्पादन हुन्छ । यसले गर्दा फोहरमैला सदस्यलाई समाधान गर्नका लागि विशेष गरेर संयुक्त परिवारमा बस्ने परिवारका वा सदस्यहरूलाई फोहरमैला व्यवस्थित रूपमा तह लगाउने र यसबाट उत्पन्न हुने समस्या एवं चुनौतीहरूलाई कसरी न्युन गर्न सकिन्छ । र के कस्ता सम्भावनाहरू छन । त्यसका बारेमा जनचेतनामुलक कार्यक्रमहरू प्रत्येक टोल टोलमा गर्नूपर्ने देखिन्छ ।

### ४.४.१ उत्तरदाताको शैक्षिक स्तर

अध्ययनको क्रममा उत्तरदाताहरूको पनि छुट्टै तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यस क्रममा छनोटमा परेका ६० जना उत्तरदाताहरूको शैक्षिक स्तरलाई तालिका ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : उत्तरदाताको शैक्षिक स्तर**

| तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १० कक्षासम्म | २० | ३६.६७ | २४ | ४० | ४६ | ७६.६७ |
| एस.एल.सी उत्तीर्ण | ८ | १५ | २ | ३.३३ | ११ | १८.३३ |
| प्रविणता प्रमाणपत्र तह | १ | १.६७ | २ | ३.३३ | ३ | ५ |
| स्नातक तह | २ | - | - | - | - | - |
| स्नातकोत्तर तह वा सो भन्दा माथि | १ | - | - | - | - | - |
| निरक्षर | ० | - | - | - | - | - |
| **जम्मा** | **३२** | **५३.३४** | **२८** | **४६.६६** | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण २०६९ ।

तालिका ४.४ मा छनोटमा परेका घरधुरीको प्रत्येक उत्तरदाताहरूको शैक्षिक स्तरलाई देखाइएको छ । यसमा समग्रमा महिला भन्दा पुरुषको शैक्षिक स्तर उच्च रहेको देखाईएको छ । जसमा पुरुष ५३.३२ प्रतिशत र महिला ४६.६६ प्रतिशत साक्षर रहेका छन । यसरी सम्पुर्ण उत्तरदाताहरूको सारक्षरता दर उच्च रहेको छ । जसमा १०० साक्षर रहेको छ । अध्ययनको क्रममा  फोहरमैला तह लगाउने सरसफाई गर्ने सन्दर्भमा अधिकांश महिलाहरू रहेको पाईयो । यद्यपी आफ्नो भुमिका अर्थात उत्तरदायित्व के हो भन्ने सन्दर्भमा त्यत्ति चासो दिएको पाईएन । फोहरमैला व्यवस्थापन गर्ने दायित्व हाम्रो पनि हो भन्ने थाहा भएको तर व्यवहारमा त्यस्तो नपाईएको कुरा अध्ययनका क्रममा थाहा भएको पाईयो ।

## ४.५ धर्म

नेपालमा रहने नेपालीहरू धेरै हिन्दु धर्म मान्ने गर्दछन् । यद्यपी यो राष्ट्र धर्म निरपेक्ष राष्ट्र भएको हुनाले अन्य धर्म मान्ने मानिसहरू पनि रहेका छन् जसमा वौद्ध धर्म, इस्लाम धर्म, क्रिश्चियन धर्म मान्ने मानिसहरू पनि रहेका छन् । छनोटमा परेका घरधुरीको धार्मिक अवस्था तालिका नं. ४.५ मा उल्लेख गरिएको छ ।

**तालिका ४.५ : धार्मिक अवस्था**

| क्र.स | धर्म | घर सङख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ५७ | ९५ |
| २ | बौद्ध | २ | ३.३३ |
| ३ | मुस्लिम | १ | १.६७ |
| **जम्मा** | | **६०** | **१००** |

स्रोतःस्थलगत सर्वेक्षण, २०६९ ।

यस अध्ययनमा छनोटमा परेका घरधुरीहरूको तथ्याङ्क हेर्दा हिन्दु धर्म मान्ने ९५ प्रतिशत रहेका छन् भने बौद्ध धर्म मान्ने ३.३३ प्रतिशत रहेका छन् र मुस्लिम धर्म मान्ने १.९७ प्रतिशत धर्म मान्नेहरू यस अध्ययनमा देखिए ।

## ४.६ उत्तरदाताको पेशागत विवरण

समाजमा हरेक मानिसले आ-आफ्नो पेशा गरिरहेका हुन्छन् । मानिसले बाँच्नको लागि विभिन्न पेशा व्यवसाय गरिरहेका हुन्छन् । त्यसमा कोही नोकरी गर्छन्, कोही व्यापार व्यवसाय गर्छन् भने कोही गृहणी छन् त कोही अध्ययन गरिरहेका छन् । आफ्नो शिप र दक्षता अनुसारका विभिन्न पेशा व्यवसाय सञ्चालन गरेका हुन्छन् । अध्ययनको क्रममा छनोट परेका उत्तरदाताहरूको पेशागत अवस्थालाई पनि हेरिएको छ । जुन कुरा तालिका नं. ४.६ मा उल्लेख गरिएको छ ।

**तालिका ४.६ : उत्तरदाताहरूको पेशागत विवरण**

| क्र.स | पेशा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | १५ | २५ |
| २ | नोकरी | ९ | १५ |
| ३ | गृहणी | २१ | ३५ |
| ४ | अध्ययन | २ | ३.३३ |
| ५ | कृषि पशुपालन | १३ | २१.६७ |
| | **जम्मा** | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६९ ।

उत्तरदाताको पेशागत विवरण जानकारी लिने क्रममा आयआर्जन हुने र नहुने दुवै पेशालाई समावेश गरिएको छ । व्यापार र नोकरी आयआर्जन गर्ने खालको पेशा हुन भने गृहणी र अध्ययन आय आर्जन नहुने खालका पेशाहरू हुन । अनुसन्धानको क्रममा उत्तरदाताहरूको संख्यामा बढि महिला भएको हुदाँ उनिहरूको शिक्षाको स्तर पनि कम भएकाले बढि महिलाहरू गृहणीको रूपमा रहेको पाइयो । व्यापार नोकरी र अध्ययनका क्रममा २५ प्रतिशत, १५ प्रतिशत, ३.३३ प्रतिशत भएको र अन्य भन्नाले मिस्त्री, ज्वालाधारी वा निर्माण कार्यमा सहभागी रहेको पाइयो ।

### ४.६.१ फोहरमैलाको वर्गिकरण

फोहरमैलालाई समान्यतया २ भागमा वर्गिकरण गर्न सकिन्छ । कुहिने र नकुहिने खालको फोहर प्रायः हाम्रै घर आगन चोकबाट निक्लने गर्दछन । त्यस सम्बन्धमा छनोटमा परेका उत्तरदाताहरूलाई तपाईले फोहर मैलालाई छुट्याएर राख्नु हुन्छ कि हुदैन भनि सोधीएको प्रश्नको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ : फोहोरमैला छुट्टयाउने नछुट्टयाउनेको सङ्ख्या**

| क.स | विवरण | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छुट्याउने | १० | १६.६६ |
| २ | नछुट्याउने | ५० | ८३.३३ |
| **जम्मा** | | **६०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०६९ ।

तालिका ४.७ अनुसार फोहरमैला छुट्याउने उत्तरदाताहरू १६.६६ प्रतिशत छ भने नछुट्याउने ८३.३३ प्रतिशत पाईयो । फोहरमैला नछुट्याउने उत्तरदाताहरूले दुवै प्रकारका फोहरमैला एकै ठाउँमा राखेर फल्ने गरेको पाईयो ।

फोहरमैला छुट्याउने उत्तरदाताहरूले त्यसलाई मल बनाएर गमलामा प्रयोग गर्ने वा खाडल खनेर राख्ने र पछि त्यसलाई मलको रूपमा प्रयोग गर्ने गरेको पाईयो । जैविक बस्तुहरूबाट मल बनाएर र करेसाबारी वा गमलामा प्रयोग हुँदा हाम्रो पर्यावरणमा प्रत्यक्ष प्रभाव पर्दछ । जस्ले गर्दा हाम्रो जिवनलाई आवश्यक पर्ने अक्सिजनको मात्र उत्पादन गर्छ ।

### ४.६.२ फोहरमैलाको बेचविखनको अवस्था

अध्ययन क्षेत्रमा फोहरमैलाको बेचबिखनको अवस्था कस्तो छ भन्ने प्रश्न सोधिएकोमा निम्न अनुसारको तलको तथ्याङ्कबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.८: फोहरमैला बिक्रीबाट आम्दानी हुने कुरा थाहा भएको र नभएको**

| क्र.स | विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थाहा भएको | ४० | ६६.६७ |
| २ | थाहा नभएको | २० | ३३.३३ |
| **जम्मा** | | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

तालिका ४.८ अनुसार ६६.६७ प्रतिशत उत्तरदाताहरूलाई फोहरमैलाबाट आम्दानी गर्न सकिने कुरा थाहा भएको र ३३.३३ प्रतिशतलाई सो सम्बन्धमा जानकारी नभएको अधिकांश उत्तरदाताले अजैविक बस्तुहरू विक्रि गरी आम्दानी गर्न सकिने कुरा थाहा नभएको र केही ले आम्दानी गर्ने गरेको धेरैले आम्दानी गर्न सकिने कुरा थाहा हुँदाहुदै पनि त्यसलाई वेवास्ता गर्ने गरेको पाईयो । जैविक बस्तुबाट मल निर्माण गरी आफ्नै घरको गमला तथा करेसाबारीमा मलको रूपमा गर्ने गरेको कुरा देखिन्छ भने फोहर बेचबिखन गरी आम्दानी नगरेको र त्यसको व्यवस्था नभएको अध्ययनको क्रममा पाइयो ।

## ४.७ फोहरमैला व्यवस्थापनका अवस्थाहरू

फोहरमैला व्यवस्थापन गर्ने कुरा कुनै पनि सस्थाले एक्लै गर्न सक्दैन । समुदाय एंव आम नगरबासीको सहयोग विना यसलाई व्यवस्थापन गर्न सकिदैन । त्यसैले नगरमा उत्पादन हुने फोहरको मात्रा कस्तो छ, घरबाट कस्ता प्रकारका फोहर निक्लन्छन । कुन निकायसंग समन्वय गरेर कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने तर्फ सबैको सोच हुन जरुरी छ । त्यसैगरी अध्ययन क्षेत्रमा पनि फोहरमैला व्यवस्थापनका अवस्थाहरूलाई अध्ययनमा समेट्न आवश्यक देखिएकोले निम्न वुंदाहरूमा प्रस्तुत गरिएको छ ।

### ४.७.१ फोहोर उत्पादनका कारणहरू

अध्ययन क्षेत्रमा फोहोर उत्पादन हुने कारणहरू निम्नानुसार पाइयो । होटल व्यवसाय, उद्योगधन्दा, यातायात, ग्यारेज, तरकारी पसल, अव्यवस्थित पशुपालन, स्वास्थ्य शिक्षाको कमी, अव्यवस्थित बसोबास जस्ता स्थानबाट बढी फोहोरमैला उत्पादन भएको पाइयो । जसलाई तालिका नं. ४.९ बाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.९ : फोहरमैला उत्पादन गर्ने स्थानहरू**

| क.सं. | फोहोरमैला उत्पादन गर्ने निकाय | प्रतिशत |
|---|---|---|
| १ | उद्योग | **२५** |
| २ | होटल | **२0** |
| ३ | ग्यारेज | **१५** |
| ४ | अस्पातल | **१५** |
| ५ | इातायात | **१0** |
| ६ | अव्यवस्थित पशुपालन | **१0** |
| ७ | तरकारी पसल | **५** |
| | जम्मा | **१00** |

स्रोतः स्थलगत सर्वेक्षण २०६९ ।

अध्ययन क्षेत्रमा फोहोरमैला उत्पादन गर्ने निकायको बारेमा सोधिएको प्रश्नमा उत्तरदाताहरूसँगको अनुमानित आँकडाका आधारमा क्रमशः उद्योग, होटल, ग्यारेज, अस्पताल, यातायात, पशुपालन, तरकारी पसलबाट क्रमशः २५, २०, १५, १५, १०, १० र छ प्रतिशत फोहोर उत्पादन हुने गरेको अध्ययनको क्रममा पाइयो ।

## ४.७.२ **फोहरमैलाको उत्पादन र मात्रा**

फोहरमैला उत्पादन जनसङ्ख्या बढी भएको, उद्योग र कलकारखाना भएको स्थानमा यसको मात्र बढी पाइन्छ । नगरपालिकाको तथ्याङ्क २०६४ अनुसार दैनिक ५ देखि ६ टनसम्म उत्पादन हुने गरेको पाइयो भने अध्ययन क्षेत्रमा भने तालिका ४.९ अनुसार भएको पाइयो ।

**तालिका ४.१० : दैनिक सरदर फोहर उत्पादन र मात्रा**

| क.स | फोहरको परिमाण (कि.ग्रा) | घरको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-१ | ३० | ५० |
| २ | २-३ | २० | ३३.३४ |
| ३ | ४-५ | ५ | ८.३३ |
| ४ | ६ कि.ग्रा भन्दा माथि | ५ | ८.३३ |
| **जम्मा** | | **६०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण २०६९ ।

घरबाट निक्लने फोहरमैलाको माथिका परिणामहरू छनोट परिवारका उत्तरदाताहरूको अनुमानित आकडामा अधारित छन । कसैका घरबाट कुनै दिन फोहरमैला बढी निक्लन्छ भने कुनै दिन कम किनकी कसैले पनि यसलाई तौल गरेर हेर्ने गरेको पाइएन । यसरी तथ्याङ्कलाई विश्लेषण गर्दा कुल ६० घरधुरीबाट दैनिक ७० किलोग्राम फोहरमैला निक्लने गरेको पाईन्छ । यसरी हेर्दा सरदर १.१७ किलो ग्राम फोहरमैला प्रत्येक दिन प्रत्येक घरधुरीबाट निक्लने गर्दछ । यस तथ्याङ्कबाट बजारमा उठ्ने फोहरमैलाको उत्पादनमा विगत वर्षहरूमा भन्दा हालका वर्षहरूमा वृद्धि भएको देखिन्छ । माथिको तालिका अनुसार ०-१ कि.ग्रा फोहरमैला निक्लने घरधुरी ५० प्रतिशत त्यसैगरी २-३ कि.ग्रा सम्म फोहरमैला निक्लने घरधुरी ३३.३४ प्रतिशत रहेको पाईन्छ । छनोट गरेको अध्ययन क्षेत्र प्रमुख व्यापारिक केन्द्र भएको र भाडामा बस्ने मानिसहरू धेरै भएकोले फोहरमैला बढि मात्रामा निक्लने गरेको पाईयो । फोहरमैला विशेष गरेर चाड पर्व एवम् भोज भतेरमा वढि निक्लने कुरा अध्ययनको क्रममा पाईयो ।

## ४.७.३ घरको बनावट र किसिम

छनोटमा परेका घरधुरीहरूमा कस्ता प्रकारका घरहरू छन र ति घरमा कोठा संख्या के कति छन् । भाडामा बस्ने को संख्या के कति छन भन्ने सन्दर्भमा यसको अनुमान गर्न सकिन्छ । त्यसै सन्दर्भमा कोठा संख्या विवरण तालिका ४.१० मा उल्लेख गरिएको छ ।

**तालिका ४.११ : घरमा रहेका कोठाहरूको विवरण**

| क.स | कोठा | घर संङख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | **१–३** | **२0** | **३३.३३** |
| 2 | **४–६** | **३0** | **५0** |
| 3 | **७–९** | **८** | **१३.३३** |
| 4 | **१0** | **२** | **३.३४** |
| **जम्मा** | | **६0** | **१00** |

स्रोत : स्थलगत सर्वेक्षण २०६९ ।

यसरी अधिकांश घरहरूमा कोठाको संख्या आफुलाई चाहिने भन्दा बढिनै रहेको पाईयो । त्यसले गर्दा उक्त घरबाट निक्लने फोहरमैलाको मात्रा पनि अवश्य पनि बढि नै हुन्छ । किनकी त्यहाँ भाडामा बस्ने मानिसहरू रहेको हुन्छन् । छनोटमा परेको अधिकाशं घरहरू पक्की आ.सि.सि भएको र शौचालयको पुर्ण व्यवस्था भएको पाईयो भने आफ्नो व्यक्तिगत सरसफाईमा धेरै ध्यान दिएको पाईयो । माथिको तालिका अनुसार १-३ सम्म कोठा सङख्या भएको घर ३३.३३ प्रतिशत रहेको पाईन्छ । त्यसै गरी ४.६ प्रतिशतसम्म कोठा सङख्या ५० प्रतिशत छ भने ७-९ भएको घर सङख्या १३.३३ प्रतिशत रहेको पाईन्छ । आर.सि.सि.पक्की घर, सुविधा सम्पन्न शौचालय Dinning Room, kitchen Room, कम्प्युटर टेलिभिजन जस्ता बस्तुहरूको प्रयोग एंव व्यवस्थाले गर्दा हाम्रो यो समाज आधुनिकिकरण तर्फ उन्मुख भएको पाईन्छ ।

अध्ययनकौ क्रममा अधिकांश घरधनिहरूले घरमा भाडामा बस्नका लागी दिइएको पाईयो । यसरी छनोटमा परेका घरहरूमा भाडामा बस्ने परिवारको मात्र तथ्याङ्कलाई हेर्दा २६० जना सदस्य रहेको पाईयो यद्यपी छनोटमा परेका घरधुरी परिवारको संख्या ३०० जना रहेको छ । फोहरमैला व्यवस्थापन गर्नको लगी घरमा बस्नेहरूको लागी पनि विशेष जनचेतना मुलक कार्यक्रम गर्नूपर्ने देखिन्छ ।

### ४.७.४ घरमा व्यवसाय भएको र नभएको

सामान्यतया जुन घरमा व्यवसाय छ त्यहाबाट निक्लने फोहरको परिमाण अवश्य नै बढी हुन्छ । त्यसले गर्दा अध्ययनका क्रममा व्यवसाय भए नभएको घरहरूको पनि विवरण लिईएको थियो जुन तालिका ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२ : घरमा व्यवसाय भएको र नभएको विवरण**

| क्र.स | विवरण | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवसाय भएको | **१४** | **२१.६७** |
| २ | व्यवसायको नभएको | **४६** | **७८.३३** |
| **जम्मा** | | **६०** | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०६९ ।

यसरी धेरै घरहरूमा व्यवसाय भएको देखिन्छ । जसले गर्दा व्यवसाय भएका घरहरूबाट अवश्य पनि फोहरमैलाको मात्रा बढि निक्लन्छ यसरी व्यवसाय भएको घरबाट फोहरमैला बढि निक्लन्छ भन्ने कुरा थाहा भएपछि त्यसलाई सोही अनुसार व्यवस्थापन गर्न सकिन्छ । माथिको तथ्याङ्कबाट २१.६७ प्रतिशत घरमा व्यवसाय भएको र ७८.३२ प्रतिशत घरहरूमा व्यवसाय नभएको पाईएको छ ।

### ४.७.५ फोहरमैलाको कन्टेनरको व्यवस्थापन

अध्ययनको क्रममा फोहरमैला व्यवस्थापन गर्ने सन्दर्भमा नगरको मुख्य चोक चोकहरूमा कन्टेनर राख्न उचित हुन्छ कि हुदैंन भन्ने प्रश्न राखिएको थियो त्यस क्रममा छनोटमा परेका सम्बन्धित उत्तरदाताहरूको धारणा तालिका ४.१२ मा उल्लेख गरिएको छ ।

**तालिका ४.१३: चोक चोकमा कन्टेनर राख्न उचित छ छैन भन्ने विवरण**

| क्र.स | विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उचित हुन्छ | **४०** | **६६.६७** |
| २ | उचित हुदैंन | **२०** | **३३.३३** |
| **जम्मा** | | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

यसरी बजारको मुख्य चोक चोकमा कन्टेनर राख्न उचित हुन्छ हुदैंन भन्ने प्रश्नको सन्दर्भमा ६६.६७ प्रतिशत उत्तरदाताले उचित हुन्छ  र ३३.३३ प्रतिशत उत्तरदाताले उचित हुदैंन भन्ने धारणा व्यक्त गरेका थिए । यसरी उचित हुदैंन भन्ने अधिकांश उत्तरदाताले कन्टेनरमा राखेको फोहर समयमा नउठ्ने र त्यहाँ कुहिने खालका फोहरमैला पनि जम्मा हुनेहुँदा दुर्गन्ध आउने र वातावरण नै दुषित तुल्याउने गर्छ भन्ने धारणा पाईयो भने उचित हुन्छ भन्ने उत्तरदाताहरूले त्यहा जम्मा गर्ने तर दैनिक रूपमा फोहरमैला उठेको खण्डमा त्यसको अवस्था नआउने धारणा राखेका थिए । आधुनिकिकरणको प्रभावले मान्छेले आफ्नो घरबाट निक्लने फोहर तुरुन्त कन्टेनरसम्म पुऱ्याउने सोच गरेको हुन्छ । ताकि आफ्नो स्वच्छ सुन्दर हराभरा रहोस ।

## ४.७.६ नगरपालिकाले हाल फोहरमैलो थुपार्ने ठाउँको अवस्था

अध्ययनको क्रममा हाल फोहरमैला व्यवस्थापनको जिम्मा लिएको व्यासनगरपालिका कार्यालयले फोहरमैला डम्पिङ गरेको ठाउँ उचित छैन भन्ने प्रश्न राखिएकोमा त्यसबारेको धारणा तलको तालिका ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४ : फोहरमैला डम्पिङ गरेको अवस्था**

| क.स | विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उपयुक्त छ | **५** | **८.३३** |
| २ | उपयुक्त छैन | **५५** | **९१.६७** |
| **जम्मा** | | **६०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९ ।

यसरी हाल फोहरमैला डम्पिङ गरेकमो ठाउँ उपयुक्त छ छैन भन्ने प्रश्नमा ८.३३ प्रतिशत उत्तरदाताले उपयुक्त छ भनेका छन भने ९१.३७ प्रतिशत उत्तरदाताहरूले उक्त ठाउँमा फोहरमैला फाल्न उपयुक्त नहुने कुरा उल्लेख गरेका छन । यसरी उपयुक्त हुदैन भन्ने अधिकांश उत्तरदाताहरूलेपवित्र मादी नदिको किनारा, पृथ्वीराजमार्गबाट सदैब देखिने ठाउँ,

पर्यटकहरूले समेत प्रत्यक्ष रूपमा देखिने ठाउँमा फोहोरमैला फाल्नु उपयुक्त नहुने धारणा व्यक्त गरेका थिए भने उपयुक्त हुन्छ भन्ने उत्तरदाताहरूले उपयुक्त ल्याण्ड फिल्ड साइटको व्यवस्था नभए सम्म त्यहाँ नफालेर कहाँ फाल्ने त भनि प्रश्न गरेका थिए जसले गर्दा सामजिक रूपमा र वातावरणीय रूपमा नराम्रो प्रभाव पार्छ ।

### ४.७.७ फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई दिने धारणा

फोहरमैला सम्पुर्ण व्यवस्थापन निजि क्षेत्रलाई दिन उपयुक्त हुन्छ वा उपयुक्त हुदैंन भन्ने धारणा बुझ्न प्रश्न राखिएकोमा त्यसमा उत्तरदाताहरूको धारणा तालिका ४.१४ मा प्रस्तुत गरिएको छ । फोहोरमैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभावका विषयमा सोधिएको प्रश्नमा निम्नानुसार धारणा रहेको पाइयो ।

**तालिका ४.१५: फोहोरमैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभाबको धारणा**

| क.स | विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | बढी असर पार्छ | ५० | ८३ |
| 2 | कम असर पार्छ | १० | १७ |
| **जम्मा** | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६९ ।

यसरी अध्ययनको क्रममा फोहोरमैलाले पारेको सामाजिक एंव वातावरणीय प्रभावको विषयमा प्रश्न गरिएको थियो । त्यसमा बढी असर पार्छ भन्ने उत्तरदाताको संख्या ८३ प्रतिशत पाइयो भने कम असर पार्छ भन्नेमा १७ प्रतिशत पाइयो । फोहोरमैलाले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने नकरात्मक असर पार्ने कुरामा उत्तरदाताको धारणा पाइयो ।

## ४.८ फोहोरमैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभाव

### ४.८.१ फोहोरमैलाले पारेको सामाजिक प्रभाव

अध्ययन क्षेत्रमा फोहर जथाभावी फालिएको कारण रोग फैलिएको अवस्था । एक घरले अर्को घरमा फोहर फाल्ने प्रवृत्तिले समाजमा झैझगडा दिनहुँ हुने । नयाँ आगन्तुक पर्यटकको आगमनमा कमी । टोल क्षेत्र कै इज्जत प्रतिष्ठामा गिरावट । भाडामा बस्न आउनेको संख्यामा कमी । सरुवा रोगको संक्रमण बढी । लामखुट्टे र झिंगा फैलिएको अवस्था । घर जग्गा खरिद बिक्रीमा गिरावट । समाजमा एक अर्काबीच सहयोग आदानप्रदानमा कमी । अध्ययन क्षेत्रमा फोहरको व्यवस्थापन नहुँदा यातायातका साधन, पैदल यात्रीहरूलाई आवतजावत कठिनाइ ।

### ४.८.२ **वातावरणीय प्रभाव**

घरबाट निस्कने फोहर पानी नाली वा ढलमा मिसाइ खोलामा मिसाइएको अवस्था छ जसको कारणले गर्दा नदी वा खोलाको पानी दुर्गन्धित भएको छ, पानीमा बस्ने जल प्राणीको लोप हुने अवस्था छ, खोला नदीको सौन्दर्यतामा ह्रास आएको छ, पानी दुषित भएका कारण नुहाउन, पिउने पानीको समस्या बढेको छ, नदीमा फोहरको पहाड बन्दैछ, मरेका जनावर नदी खोलामा फाल्दा काग, गिद्ध जस्ता पंक्षीहरूले मानिसको घरको छत, घर, आँगनमा ल्याएको अवस्थाले वातावरणमा प्रदुषण बढेको छ । धार्मिक दृष्टिले पवित्र नदी, तालमा मानिसले नुहाउन नसक्ने अवस्था बढेको छ, नदी र खोलाहरू फोहोर थुपार्ने डम्पिङ्ग साइड बन्ने अवस्था सृजना भएको छ ।

विशेष गरी वडा नं ११ व्यापारिक क्षेत्र र जन घनत्व बढी भएकोले गर्दा घरहरूबाट निक्लने फोहोरमैलाको मात्रा पनि बढी रहेको कुरा अध्ययनका क्रममा रहेको पाइन्छ । यहाँ भौतिक संरचनाहरू निर्माण गर्दा ढुङ्गा, गिट्टी, बालुवा आदि जता पायो त्यतै फाल्दा आवागमनमा समेत बाधा पुगेका पाईयो भने १० फुटे गल्लीमा टेक्टर नजादा त्याहाँको फोहोरमैलालाई व्यवस्थित हुन नसकेको त्यही फोहोर गरिएको पाईयो । कतै कतै ढलको व्यवस्था नभएको गुनासो थियो भने कतै दैनिक रूपमा फोहोर उठाउन टेक्टर नआउने गुनासो राखेका थियो । राजमार्ग वरी परी फोहोरमैला थुपार्ने र डम्पिङ्ग साइटमा आगो लगाउँदा वातावरण दुर्गन्ध भएको र व्यवस्थित खालको ल्याण्डफिल्ड साइट हुनुपर्ने माग समेत राखेका थिए ।

यसरी जहाँ समस्या बढी हुन्छ । त्यसलाई समाधान गर्न त्यति कै चुनौति रहेको हुन्छ । छनोटमा परेका उत्तरदाताहरूले राखेका समस्याहरू सम्पूण नगरक्षेत्रको समस्या हो अझ भन्दा यस्ता समस्याहरू प्रायःशहरी क्षेत्रमा अवश्य पनि हुने गर्दछन् । यस्ता समस्या एवं चुनौतीहरूको समाधान गर्न कुनै एक्लो प्रयासले सम्भव प्रायः हुदैन । अध्ययनका क्रममा फोहोरमैला व्यवस्थापनको दायित्व सबै नगरवासीको रहेको र विशेष गरी फोहोरमैला व्यवस्थापनको जिम्मा लिएको व्यासनगरपालिकाले आफ्नो श्रोत, साधन र जनशक्तिले भ्याए सम्म सरसफाईमा ध्यान दिनुपर्ने र अन्य संघ संस्थाहरू संग सहकार्य गरेर अगाडी बढ्नको लागि अध्ययनका क्रममा सुझाव समेत राखेका थिए । फोहोरमैलाको लागि शुल्क तिरे पछि दैनिक रूपमा फोहोर उठ्नु पर्ने गुनासो समेत राखेका थिए ।

## ४.९ फोहरमैला व्यवस्थापनबाट लाभ हुने सम्भावनाहरू

अध्ययन क्षेत्रमा फोहरमैलाको व्यवस्थापन नभएको कारण विभिन्न समस्याहरू भोग्नु परेको अवस्थामा यसलाई व्यवस्थापन गर्न सकिएको छैन । तर व्यवस्थापन गर्न सकिएको खण्डमा लाभ हुन सक्ने सम्भावनाहरू पाइयो ।

१) प्लाष्टिक, कागजलाई सङ्कलन गरी बिक्री गर्ने र फोहरमैलाबाट मोहर कमाउन सकिने ।

२) कुहिने फोहरलाई कम्पोष्ट मल बनाइ बिक्री वितरण गर्न सकिने ।

३) रोजगारीका बाटाहरू खुल्ने ।

४) फोहर मैला प्रशोधन गर्न सके पुनः नयाँ वस्तु निर्माण गर्न सकिने ।

५) फोहरको व्यवस्थापन गर्न सके रोगबाट मुक्त भइने, जसबाट आर्थिक रूपमा जनता सबल हुने ।

६) मानिसको आवतजावत बढ्ने, पर्यटकहरू भित्र्याउन सकिने ।

७) नदी र खोलाको सौन्दर्यतामा गिरावट नआउने ।

८) जलप्राणीको विनास नहुने ।

९) ल्याण्डफिल्ड साइट निर्माण गरी अझ बढी लाभ लिन सकिने सम्भावनाहरू भएको पाइन्छ । व्यवस्थित ल्याण्डफिल्ड साइटको निर्माण गर्ने कुरामा सबैको एकमत रहेको पाइयो ।

## ४.१० अध्ययन क्षेत्रमा फोहरमैला व्यवस्थापनमा अन्य संघसंस्थाहरूको भूमिका

व्यास नगरपालिका बजार क्षेत्रभित्रको फोहर मैलाको व्यवस्थापन गर्ने कार्य नगरपालिकाले लिएको छ । मुख्य ठाउँहरूको फोहर दैनिक उठाउने, अन्य ठाउँहरूको केही दिनपछि उठाउने व्यवस्था गरेको छ । तर अध्ययन क्षेत्रमा भने हप्तामा १ पटक मात्र आउने उत्तरदाताबाट प्राप्त सूचना पाइयो । फोहर व्यवस्थापनमा अन्य कुनै गैरसरकारी संस्थाले उल्लेखनीय भूमिका खेलेको पाइदैन । फोहर व्यवस्थापनका विषयमा बेला बेलामा केही गोष्ठी सेमिनार होटलमा गरिएता पनि त्यसको खासै उल्लेख्य सहयोग नपाइएको अवस्था छ । गोष्ठी र सेमिनार गरेका पनि केही संघसंस्थाका प्रमुखलाई मात्र निमन्त्रणा गर्ने गरेको अवस्था छ । जसका कारण पनि अन्य सरोकार मानिस बाहिर नै रहेको अवस्था छ ।

फोहर व्यवस्थापनका लागि कन्टेनर चोक चोकमा राखिएको केही वर्ष अगाडि देख्न पाइन्थ्यो तर हाल त्यो पनि सफल हुन सकिरहेको छैन । टिनका बट्टाहरू पनि चोक चोकमा राखेको पाइन्छ तर त्यसको सही प्रयोग हुन सकेको छैन । व्यास नगरपालिका नगरस्तरिय फोहरमैला तथा वातावरण व्यवस्थापन कार्य सञ्चालन समिती २०६५ गठन गरिएको छ । यद्यपी यस समितीले पनि प्रभावकारी ढङ्गबाट कार्य गर्न सकेको देखिदैन । विगतका वर्षहरूमा Practical Action Nepal नामक संस्था ले फोहरमैला व्यवस्थापन गर्ने कार्यमा सहयोग गरेको र वडाको धेरै टोलहरूमा जनसहभागितामा आधारित भै नगरपालिका र टोलवासीको लागत सहभागितामा वाल्टीन वितरण गरेको थियो यद्यपी त्यसको प्रयोग व्यवस्थित हुन नसकेको देखियो भने हाल आएर उद्योग वाणिज्य संघ बजार इकाई न.पा.ले फोहरको व्यवस्थापन तर्फ बढि उपयोगी हुने कुरामा केहि समय सक्रियता देखाए पनि यो पनि त्यती लाभदायिक देखिएको छैन ।

# अध्याय : पाँच

# सारांश, निष्कर्ष र सुझावहरू

## ५.१ सारांश

यस अध्ययन क्षेत्रमा फोहरमैलाले पारेको सामाजिक एवं वातावरणीय प्रभाव व्यास नगरपालिका वडा नं. ११ को बागबजार टोल विकास संस्था अन्तर्गत केन्द्रित गरिएको छ । फोहर मैला सामान्यतया मानिसहरूले आफ्नो दैनिक जीवनमा प्रयोग गरिसकेपछि काम नलाग्ने वस्तुहरू नै हुन । विशेष गरी गरिब मुलुकहरूमा यस्ता समस्याहरू देखा परेको पाइन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने काठमाडौं र अन्य शहरहरूमा पनि मुख्य समस्या फोहरमैलाको नै देखिएको छ । फोहरलाई व्यवस्थापन गर्न नसकिदा त्यसबाट मानव जीवन र वातावरण बढी खोला ताल हावा लगायतका विभिन्न क्षेत्रमा यसको असर देख्न सकिन्छ । यसको व्यवस्थापन सही तरिकाले गर्न नसक्दा थप चुनौतीहरूको सामना गर्न परिहेको छ ।

यसको मुख्य उद्देश्य अध्ययन क्षेत्रमा फोहरमैला व्यवस्थापनमा देखिएका समस्याका कारणले सामाजिक एवम् वातावरणमा समेत चुनौती थपेको छ । यो अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक प्रकृतिको अध्ययन हो । फोहरमैला व्यवस्थापनमा देखिएका समस्या, चुनौती एवम् सम्भावनाहरूलाई जोड दिएर अध्ययन गर्ने जो कोहीलाई साथै नगरपालिका, सरकारी एवम् गैर सरकारी संघसंस्था योजनाकर्ता, अनुसन्धानकर्ता आदि सबैलाई अझ बढी स्पष्ट र तुलनात्मक रूपमा अध्ययन गर्न यो शोधपत्रले मार्ग निर्देश गर्न सक्छ ।

शैक्षिक अवस्थालाई हेर्दा महिलाको तुलनामा पुरुषहरू केही बढी शिक्षित रहेको छ । जसमा पुरुष साक्षरता ४३.३४ प्रतिशत छ भने महिला साक्षरता प्रतिशत ४६.६६ प्रतिशत रहेको पाईयो । धार्मिक स्थितलाई हेर्दा छनोटमा परेका कुल घरधुरी  ६० मध्ये ५७ घरधुरी अर्थात ९५ प्रतिशत हिन्दु धर्म मान्ने रहेको पाईयो भने २ घर अर्थात ३.३३ प्रतिशत बौद्ध धर्म मान्ने रहेको पाईयो । छनोटमा परेका घरहरूमा अन्य मुस्लिम धर्म मान्नेहरूमा एक अर्थात् १.६७ प्रतिशत पाईयो । पेशागत स्थितिलाई हेर्दा छनोटमा परेको अध्ययन क्षेत्र प्रमुख व्यवापारिक केन्द्र नभै अर्धव्यापारिक क्षेत्र भएको हुँदा १५ परिवार अर्थात २५ प्रतिशत पेशा व्यवसायमा लागेका १५ प्रतिशत नोकरी र ३५ प्रतिशत गृहणी र ३.३३ प्रतिशत अध्ययन पेशामा लागेको

पाईयो भने अन्यमा २१ प्रतिशत पाईयो (अन्य भन्नाले ज्यामी, मिस्त्री) निर्माण कार्यमा लागेको पाईयो फोहरमैलाको प्रकार बारे जानकारी लिँदा ८३.३३ प्रतिशत उत्तरदातालाई फोहरको प्रकारहरू थाहा भएको र १७.६७ प्रतिशतलाई थाहा नभएको पाईयो त्यसैगरि फोहरमैलालाई व्यवस्थित ढङ्गबाट छुट्याएर राख्नेको प्रतिशत १६.६६ प्रतिशत पाईयो भने नछुट्याएर राख्नेको संख्या ८३.३३ प्रतिशत रहेको पाईयो फोहरमैलाबाट आम्दानी गर्न सकिन्छ भन्ने कुरा थाहा हुने उत्तरदाता ६६.६६ प्रतिशत रहेको र थाहा नहुने उत्तरदाता ३३.३३ प्रतिशत रहेको पाईयो यद्यपी थाहा पाउनेहरूले पनि आम्दानी गर्न सकिने कुरा थाहा हुँदा हुँदै पनि त्यसलाई बेवास्ता गरेको पाईयो । अध्ययनकै क्रममा फोहरमैलालाई अधिकाशं उत्तरदाताले नकारात्मक रूपमा लिने गरको पाईयो प्रत्येक घरबाट दैनिक रूपमा १.५६ किलो ग्राम फोहरमैला निक्लने कुरा अध्ययनको क्रममा पाईयो ।

घरको बनावट र किसिमको अवस्थालाई हेर्दा अधिकाशं घरहरू आर.सि.सि गरेका छन् भने घरमा आफुलाई चाहिने भन्दा वढी कोठा भएको र अन्य कोठाहरू भाडामा बस्ने परिवारको मात्रा तथ्याङ्कलाई हेर्दा १०० जना सदस्य रहेको पाईयो । यद्यपी छनोट घरधुरीको परिवारको ३७० रहेको छ ।

व्यवसायको हिसावले हेर्दा २१.३७ प्रतिशत घरहरूमा व्यवसाय रहेको पाईयो चोक चोकमा कन्टेनर उचित हुन्छ हुदैन भन्ने प्रश्नमा धेरै उत्तरदाताहरूले कन्टेनर राख्न नहुने धारणा व्यक्त गरेका थिए । फोहरमैलाको सम्पुर्ण जिम्मा लिएको व्यासनगरपालिकाले हाल डम्पिङ्ग गरेको ठाउँ अधिकाशं उत्तरदाताहरूले उचित नभएको धारणा व्यत्त, गरेका थिए भने फोहरमैलाको सम्पुर्ण व्यवस्थापन निजी क्षेत्रलाई दिन उचित नहुने धारणा अधिकाशं उत्तरदाताहरूको रहेको पाईयो ।

अध्ययन क्षेत्रमा देखिएका प्रमुख समस्या र चुनौतीहरूमा दैनिक रूपमा फोहरमैला, खुला ढल रहेको, फोहरमैला जतापायो उतै फाल्ने प्रवृत्ति, नगरको १० फुटे सडकको फोहर नउठाउने, जनचेतनाको अभाव, डम्पिङ्ग साइटको उपयुक्त ठाउँको व्यवस्था नभएको, उचित ल्याण्ड फिल्ड नभएको, बजार क्षेत्रमा फोहरमैला राख्ने ठाउँ नभएको, नियमित रूपमा अनुगमन निरिक्षण हुन नसकेको । फोहरमैला उठाउन ट्याक्टर कुन दिन आउछ भन्ने कुरा थाहा नभएको जस्ता समस्याहरू देखिएको पाईयो जसले मानवबस्ती र वातावरणमा समेत नराम्रो असर परेको पाईयो । यसलाई समाधान गर्न त्यत्तिकै चुनौती रहेको सम्बन्धित

निकायको धारणा समेत रहेको थियो । पर्याप्त साधन, स्रोत जनशक्तिको अभावका वावजुत पनि सरसफाई व्यवस्थापनमा लागेको पाईयो । फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा सम्भावनाहरू रहेको पाईयो । यसमा कम्पोष्ट मल उत्पादन गर्न सकिने, वायो ग्याँस उत्पादन गर्न सकिने कवाडीका सामानहरू र प्लाष्टिकबाट आम्दानी गर्न सकिने कुरा अध्ययनका क्रममा पाईयो ।

व्यासनगरपालिकाबाट सरसफाई शुल्क बापत वार्षिक न्युनतम रु.२४० अधिकतम रु.६००।- रूपैया  सरसफाई शुल्क बुझाउने गरेको पाइयो । अधिकांश उत्तरदाताहरूले सरसफाई शुल्क बुझाएपछि फोहरमैला दैनिक रूपमा उठ्नुपर्ने र सरसफाई व्यवस्थापनलाई प्रभावकारी ढङ्गबाट अगाडी बढाउनुपर्ने कुरामा जोड दिएका थिए ।

यस व्यास नगरपालिका फोहरमैलाका सम्पुर्ण व्यवस्थापनको जिम्मा नगरपालिकाले लिएको पाईयो यस अन्तर्गत समाज कल्याण शाखाको सरसफाई उपशाखाले दैनिक क्रियाकलाप संचालन गरेको पाईयो । फोहरमैला व्यवस्थापन गर्न सम्बन्धमा विभिन्न संघ संस्थाहरूसंग समन्वय समयसमयमा सरसफाई अभियान सञ्चालन गर्ने गरेको पाईयो । त्यसैगरी नगरपालिका र स्थानीय बासीहरूको संयुक्त लगानीमा वाल्टीन वितरण गरि त्यसमा फोहरमैला राख्ने, टेक्टर फाल्ने त्यसैगरी कम्पोष्ट मल बनाउनका लागी कम्पोष्ट विम वितरण गरिएको थियो जसले गर्दा जैविक बस्तुहरू कुहाएर मल बनाउने जस्ले गर्दा फोहरमैला आफ्नै घरमा व्यवस्थापन गर्न सकिने प्रविधिको थालनी गरेको पाईयो । यसरी फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्पुर्ण नगरबासीको हो । फोहरमैलाको जिम्मा लिएको नगरपालिकाले पनि सक्रिय रूपमा विभिन्न संघ, सस्थाहरूको समन्वयमा सरसफाई सम्बन्धि कार्यक्रम सञ्चालन गरी यसलाई अझ प्रभावकारी ढङ्गबाट कार्यहरू गर्नुपर्ने देखिन्छ । सरसफाई शुल्क लिईसकेको अवस्थामा सेवा पर्याप्त मात्रामा उपलब्ध गराउनु पर्ने दायित्व नगरपालिकाको हुने कुरामा दुईमत हुन सक्दैन ।

## ५.२ प्राप्ति

यो शोधपत्र विशेष गरी अध्ययन क्षेत्रमा फोहरमैलाले पारेको सामाजिक एवम् वातावरणीय प्रभाव विषयमा केन्द्रित रहेको छ । यस अध्ययनको निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । प्रत्यक्ष अवलोकनमा यसै क्षेत्रभित्र रहेका नदी, खोला, ढलमा फोहरमैलाले वातावरणलाई पारेको प्रभाव र नदी खोला प्रदुषित भएको पाइयो ।

- फोहरमैला भन्नासाथ त्यसलाई नकरात्मक ढङ्गबाट लिने नगरबासीको बानीमा परिवर्तन आउन सकेको देखिएन ।
- दैनिक रूपमा घरबाट निक्लने फोहरमैलालाई छुट्याउने र जैविक फोहरलाई आफ्नै घरमा व्यवस्थापन गरी आम्दानी गर्न सकिन्छ भन्ने कुरा थाहा हुँदाहुँदै पनि व्यवहारिक रूपमा अपनाइएको पाईएन ।
- आधुनिकीकरणको प्रभावका कारणले यस नगरमा संयुक्त परिवारको तुलनामा एकल परिवारको प्रचलनमा वृद्धि हुँदै गएको ।
- महिलाभन्दा पुरुष साक्षरता बढी रहेको पाईयो । यँहाको साक्षरता दर उच्च रहेता पनि फोहोरमैला व्यवस्थापनका त्यती चासो र जानकारी नभएको यस सम्बन्धमा जनचेतना को कमी भएको स्पष्ट हुन्छ ।
- अध्ययन स्थल एउटा मुख्य व्यापारिक केन्द्र भएको र सदरमुकाम समेत रहेको हुनाले अन्य जिल्ला एवं गा.वि.स.हरू बाट स्थायी वा अस्थायी रूपमा बसाईसरी व्यापार व्यवसाय एंव अध्ययन अध्यापन गर्न आउने हुँदा यहाँको जन घनत्व अत्याधिक बढी भएको र फोहरमैलाको उत्पादन पनि साही अनुसार उच्च रहेकाले फोहरमैला व्यवस्थापन गर्न थप समस्या र चुनौती रहेको देखिन्छ ।
- छनोट क्षेत्रबाट दैनिक सरदरमा ७० किलो ग्राम फोहर निक्लने गरेको मा प्रति परिवारबाट सरदर १.५६ किलो ग्राम अध्ययनका तथ्याङ्क अनुसार विगत वर्षहरूको तुलनामा हालको बर्षहरूमा फोहरमैला को उत्पादनमा वृद्धि भएको पाईन्छ ।
- सम्पूर्ण फोहरमैलाको व्यवस्थापन नगरपालिकाले गरेको र केही दिन बिराएर नगरपालिकाको ट्याक्टरले उठाएर सम्बन्धित ठाउँसम्म पुऱ्याउने कार्य गरिरहेको अध्ययनको क्रममा पाईयो ।
- फोहरमैलाको सम्पुर्ण जिम्मा लिएको नगरपालिकाले अन्य संघ सस्थाहरूको समन्वयमा यसलाई अझ प्रभावकारी ढङ्गबाट गुणस्तरीय सेवा उपलब्ध गराउनु पर्नेमा ध्यान गएको पाईएन ।
- नगरवासीमा फोहरमैला व्यवस्थापन गर्नु सबैको दायित्व हो । भन्ने कुरा थाहा हुँदा हुँदैपनि त्यसप्रति वेवस्ता गरेको पाईयो ।

- निजी क्षेत्रलाई फोहोरमैला व्यवस्थापनको जिम्मा दिंदा पनि उसले सेवामुलक ढङ्ग भन्दा नाफा एवं फाईदाको हिसाबले हेर्ने हुँदा निजि क्षेत्रलाई दिन नहुने धारणा अधिकाशंको रहेको थियो ।
- फोहोरमैला प्रमुख समस्यार चुनौतीको रूपमा व्यवस्थित ल्याण्डफिल्ड साईडको व्यवस्था हुनुपर्ने, त्यसैगरी उपयुक्त डम्पिङ्ग स्थलको व्यवस्था, दैनिक रूपमा फोहर उठ्नुपर्ने, नगरक्षेत्रमा खुला ढल हुनु फुटपाटे व्यापार व्यवसाय व्यवस्थित नहुनु, फोहरमैला यत्रतत्र छरिएर रहनु, ऐन कानुन र नियमको उल्लङघन गर्नुजस्ता रहेका छन् ।
- घरायसी फोहरमैला व्यवस्थापनमा अधिकाशं महिलाहरूको सहभागिता रहेको पाईयो ।
- व्यासनगरपालिकाको फोहरमैला व्यवस्थापन गर्नको लगी नगर स्तरीय फोहरमैला समिति २०६४ रहेको पाईयो । त्यसले फोहरमैला व्यवस्थापनमा महत्वपुर्ण भुमिका खेलेको पाईयो ।
- व्यवस्थित ल्याण्डफिल्ड साईटको लागी जग्गाहरूको खोजी कार्य भईरहेको अध्ययनका क्रममा पाईयो ।
- फोहरमैलालाई व्यवस्थित गर्ने सन्दर्भमा आम नगरबासी सचेत रहेको देखियो ।
- फोहरबाट मोहर कमाउन सकिने सम्भावनाहरू पनि प्रशस्तै रहेको देखियो ।
- व्यवस्थित पशुवधशालाको लागि मासु व्यवसायी समिती, व्यासनगरपालिका कार्यालय, जिल्ला पशुसेवा कार्यालयको संयुक्त पहलमा आवश्यक प्रकृया अगाडी बढिरहेको कुरा अध्ययनको क्रममा पाईयो ।
- घरधनीहरूको जनसङ्ख्या र भाडामा बस्नेहरूको जनसङ्ख्या बरावरीको अवस्थामा रहेको पाईयो जसले गर्दा फोहरमैला उत्पादनको परिमाणमा वृद्धि भएको हुन सक्छ ।

## ५.३ निष्कर्ष

विश्वका हरेक समाज परिवर्तनशील छन् । समयको गतिसँगै मानिसको इच्छा, चाहना, आकांक्षाहरू पनि एकै नासको नभइ फरक छन् । नेपाल, जातिय रूपमा हेर्दा धेरै जातजाति आ-आफ्नै भाषा, संस्कृति र रहनसहन, धर्म, परम्परामा आधारित मुलुक हो । वर्तमान अवस्थामा देश राजनीतिक परिवर्तन, देशको खुल्ला अर्थनीतिका कारण रोजगारका निम्ति मानिसहरू विश्वका विभिन्न देशहरूमा आफ्नो श्रम बेचिरहेका छन् । नेपालको सन्दर्भलाई

हेर्ने हो भने वैदेशिक रोजगारका लागि लाखौं युवाहरू विदेशी भूमिका काम गर्न गएका छन् । समाजका हरेक वर्ग, क्षेत्रबाट काम गर्न सक्ने जनशक्ति देश छोडेर बाहिर गएको अवस्था छ । वर्तमान समयमा मानिसहरू गाउँघरतिर कृषि पेशामा लाग्ने मानिसहरूको संख्या न्यून छ । मानिसहरू विभिन्न सुविधा भोग गर्न शहर केन्द्रित बन्दै गएको अवस्था छ । विदेशमा श्रम गरेर कमाएको पैसा उद्योग व्यवसायमा लगानी भन्दा पनि सहर र सदरमुकाममा नै घर बनाउने क्रम बढ्दो छ । देशका अधिकांश गाउँहरू उजाड बनेका छन् भने शहर बजारमा मानिसको घुइँचो र भिड बढेको छ । दैनिक रूपमा मानिसहरूको सदरमुकाम केन्द्रित बसाइसराइँले बजारमा उपभोग्य वस्तुहरूको खरिद बिक्री, विद्यालय, अस्पताल, होटल व्यवसाय, मोटरगाडीहरूको चाप बढ्दो मात्रामा छ । जसका कारणबाट फोहरमैलाको उत्पादनमा पनि स्वतः बृद्धि हुँदै गएको छ । उत्पादित फोहरमैलालाई मानिस स्वयं आफूले व्यवस्थापन र वर्गीकरण नगरी खुल्ला ठाउँहरू बाटो, सडक, किनार, नदी, खोला, सार्वजनिक स्थलहरूमा जथाभावी फाल्ने क्रम बढ्दो छ । जसको कारणबाट फोहरको कारण मानिसलाई विविध समस्या भोग्नु परेको छ । सामाजिक रूपमा बेमेल, स्वास्थ्यमा प्रतिकुल प्रभाव, वातावरणीय रूपमा खोला नदीको पानी दुषित बन्न पुगेको छ । दुर्गन्धका कारण रोगहरू फैलिन सक्ने खतरा बढेको छ । जलप्राणीहरूको लोप हुने खतरा बढ्दै गएको छ ।

विशेष गरी यी कारणहरू हुनुमा अध्ययन क्षेत्र र वरपरका मानिसहरूमा चेतनाको अभाव, परम्परागत संस्कृतिलाई जोगाइ राख्ने प्रचलन, सामाजिक रूपमा मानिसहरूको स्वभाव र रुची फरक फरक हुनु, एउटै समुदाय र परिवेश नहुनु, उत्पादिन फोहरलाई व्यवस्थापन र वर्गीकरण गर्न उपयुक्त ठाउँको अभाव हुनु, स्थानीय निकाय र सरकारी नीतिको सही रूपमा कार्यान्वयन नहुनु जस्ता विविध पक्षका कारणहरूबाट यी समस्याहरू देखिएको पाइयो ।

## ५.४ सुझावहरू

यस विषयमा अध्ययन गर्न चाहने जो कसैलाई पनि थोरै भए पनि यस शोध पत्रले मार्ग निर्देश गर्नेछ । फोहर मैलाले पारेको प्रभावलाई न्यूनीकरण गर्न, समुदायमा नै चेतना बढाउनु पर्छ, घरबाट कम फोहर उत्पादन विधि, तरिका अपनाईनु पर्छ । उत्पादित फोहरलाई जथाभावी फाल्नबाट रोक लगाउनु, त्यसलाई वर्गीकरण गर्नु, व्यवस्थापन गर्नु नै उपयुक्त विधि हुने छ । यसलाई दीर्घकालिन रूपमा समस्या समाधान गर्न, सरकारी र गैरसरकारी निकाय समुदायका नागरिक आफैमा चनाखो हुनुपर्ने कुरा आवश्यक छ ।

## सन्दर्भसूची


के.सी., कृष्ण (२०५०), *सेती नदीको पवित्रता कहिलेसम्म,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि., पि.एन.क्याम्पस, पोखरा ।

खत्री, तोपबहादुर (१९८६), *बागमती र विष्णुमति नदीको पानी दुषित कसरी भएको छ,* अप्रकाशित शोधपत्र त्रि.वि.वि., काठमाडौं ।

घिमिरे, कृष्णराज (२०६८), *व्यास नगरपालिकामा फोहरमैला व्यवस्थापनमा देखिएका समस्या, चुनौती र सम्भावना एक अध्ययन,* शोध पत्र, त्रि.वि., आदिकवि भानुभक्त क्याम्पस, दमौली ।

घिमिरे, लक्ष्मीप्रसाद (२०६२), *फोहरमैलाको अर्थ, फोहर रहित शहर निर्माणमा नागरिकको भूमिका,* काठमाडौं ।

घोराही नगरपालिका दाङ्ग मुखपत्र, (२०६६)

जि.टि.जेड (२०६६), *मेरो सफा सुग्घर समुदाय* ।

जिल्ला विकास समिति तनहुँ (२०६४), *पूर्ण सरसफाई अभियान*।

जिल्ला शिक्षा कार्यालय तनहुँ (२०६६) *तनहुँ शैक्षिक दर्पण*।

जिल्ला विकास समिति, तनहुँ (२०६७), जिल्ला विकास योजना ।

नेपाल कानुन आयोग (२०६८), *फोहरमैला व्यवस्थापन ऐन*।

नेपाल सरकार (२०४९), *जलस्रोत ऐन २०४९*।

प्रोपब्लिक (२०५७), *वातावरण सम्बन्धी मुद्दाहरूको संगालो लेख,* काठमाडौं ।

रेग्मी, गोपीकृष्ण (२०५५), *काठमाडौं नगरपालिका वडा नं. ९ को फोहरमैला र समस्या विश्लेषण,* शोध पत्र, त्रि.वि., क्याम्पस, काठमाडौं ।

वातावरणीय ऐन, (२०५३) ।

वातावरण तथा प्रविधि मन्त्रालय (२०५४), *वातावरण संरक्षण ऐन २०५३ तथा नियमावली २०५३*।

व्यास नगरपालिका (२०६७), *वार्षिक नगर योजना*।

व्यास नगरपालिका तनहुँ (२०६४), *व्यास नगर गतिविधि*।

स्थानीय विकास मन्त्रालय (२०५७), *वातावरणीय निर्देशिका*।

शाक्य, निरज (२०५९), *फोहरमैला व्यवस्थापनमा जनसहभागिता,* बुटवल नगरपाालिका एक अध्ययन, शोध पत्र, त्रि.वि., क्याम्पस, बुटवल ।

शाह, उपेन्द्रप्रसाद (१९९७), *काठमाडौं महानगरपालिकाको बागबजार, कालीमाटी, असन क्षेत्रमा खानेपानी प्रदुषण,* अप्रकाशित शोधपत्र त्रि.वि.वि., काठमाडौं ।

Bhandari, A. (2005), *The Pollution of the seti river in Pokhara*, An Unpublished Master Degree Thesis, Submitted to Tribhuvan Univercity, Prithvi Narayan Campus, Pokhara.

Dhamala, J. (1990). *The problem of water and invironment pollution: A stuty in pashupatinath area*, An Unpublished Master Degree Thesis, Tribhuvan Univercity Kanthandu.

Peaction Action Nepal (2008). Health and Sanitatiion.

Sharma, C. M. (2003). *Bioligical I mpacts and local preception.* An Unpublished Master Degree Thesis, Tribhuvan Univercity Kanthandu.

*Tinau River Pam Nepal*, An Unpublished Master Degree Thesis, Tribhuvan Univercity Kanthandu.

# अनुसूची : एक

## प्रश्नावली

**फोहरमैलाले पारेको सामाजिक एवं वातावरणीय प्रभाव वारे समाजशास्त्रीय अध्ययनको लागि तयार पारिएको प्रश्नावलीहरू**

समाजशास्त्र, मानवशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक परिपूर्तीको लागि तयार पारिएको हो । आफ्नै अमूल्य समय र सुझाव प्रदान गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः ........................................... लिङ्गः....................

उमेरः ........................................... जातः .................

**समुह (क)**

१. तपाईको परिवार एकल हो कि संयुक्त ?

क) एकल : ख) संयुक्त :

२. तपाईको घरमा कोठाहरू कति छन ? परिवार सहित घरमा बस्ने मानिसको संख्या कति छ ?

क) घरको कोठा संख्या : ख)भाडाको कोठा संख्या :

ग) घरमा कति जना बस्नु हुन्छ ? संख्या :

३. फोहरमैला भन्नाले के बुझ्नु हुन्छ ?

क) फालेको बस्तु ख) खेरजाने चिज ग) प्रयोग नहुने बस्तु

४. फोहरमैला कति प्रकारका हुन्छन् थाहा छ कि ?

क) थाहा छ ख) थाहा छैन

५. तपाईको घर बाट निक्लने फोहोरमैला के गर्नु हुन्छ ?

क) घरभित्र व्यवस्थित तरिकाले राख्नु हुन्छ ख)त्यसै बाहिर फाल्नु हुन्छ

६. सड्ने र नसड्ने खालका फोहरमैला छुट्याएर राख्नुहुन्छ ?

क) छुट्याउछु ख) छुटाउदिन

७. फोहरमौला बाट आम्दानी गर्न सकिन्छ भन्ने कुरा थाहा छ ?

क) छ ख) छैन

८. आम्दानी गर्न सकिन्छ भने कसरी गर्नु भएको छ ?

क) कागज बेचेर ख) सिसा बेचेर ग) मल बनाएर

९. फोहरमैला उठाए वापत कुनै संघ संस्थालाई मासिक रूपमा कति रूपैँया बुझाउनु हुन्छ ?

क) मासिक ३० रूपैया ख) क) मासिक ५० रूपैया ग) मासिक १०० रूपैया

१०. पैसा बुझाए बापत सेवा कस्तो पाउनु भएको छ ?

क) राम्रो ख)नराम्रो

११. सरसफाई व्यवस्थापनको लागी पैसा बुझाएर तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट भए किन ? ख) सन्तुष्ट नभए किन ?

१२. तपाईको टोलमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै कार्य भएको छ ?

क) छ ख)छैन

कुनै कार्य छ भने ..................................

१३. तपाईको घरमा सरसफाईमा बढी कसको सहभागिता छ ?

क) महिला ख)पुरुष

१४. कम्पोष्ट मलको बारेमा तपाईलाइ केही थाहा छ ?

क) छ ख)छैन

१५. फोहरमैला व्यवस्थापनमा तपाईको टोल वासी एवं छिमेकीहरू कत्तिको सक्रिय हुनुहुन्छ ?

(क) सक्रिय छौं (ख)सक्रिय छैनौं

१६. फोहरमैला व्यवस्थापन गर्नुमा तपाईको दायित्व हो कि होइन ?

क) हो ख)होइन

१७. तपाईको टोलमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै समिति छ कि छैन ?

क)छ ख)छैन

छ भने कुन समिति छ ?

क) टोल समिति ख) नगरपालीका

१८. फोहरमैलाले वातावरणलाई कस्तो असर पारेको देख्नु हुन्छ ?

क) दुर्गन्ध फैलिएको छ ख) मानिसलाई रोग लाग्ने सम्भावन बढेको छ

ग) जल प्रदुषण भएको छ

१९.	फोहरमैलाले सामाजिक वातावरणमा कस्तो समस्या पार्छ ?

क.मानिस हिडडुल गर्दा नाक थुन्नु परेको छ

ख.फोहोरमैलाको कारण भिंगा र लामखुट्टे फैलिएको छ

ग.भ्हाडा वान्ता, आउ जस्ता सरुवा रोग लाग्ने खतरा छ

२०.	तपाईको टोलमा फोहरमैला सम्बन्धी के कस्तो समस्या देख्नु हुन्छ ?

क.व्यवस्थापन गर्न सकिएको छैन

ख.फोहरलाई वर्गिकरण गर्न सकिएको छैन

ग.टोल बासिमा चेतनाको कमि छ

२१.	यस टोल साथै नगरलाई सफा राख्न के गर्नु पर्ला ?

क.फोहरमैला कम उत्पादन गर्ने

ख.उत्पादित फोहरमैला उचित व्यवस्थापन गर्ने

ग.फोहरमैलाको वर्गिकरण गर्ने

२२.	फोहरमैला जहाँ पाए त्यही फाल्दा समाज र वातावरणमा कस्तो असर पार्ला ?

क) सकारात्मक		ख) नकारात्मक

**समुह (ख)**

२३.	फोहरमैलाले वातावरणमा कस्तो प्रभाव पारेको पाउनु भयो ?

क. राम्रो पारेको छ

ख. नराम्रो असर पारेको छ

ग. थाहा छैन

२४. सडेगलेका फोहर चिजहरू यत्र तत्र फाल्न राम्रो हो कि होइन ?

क) हो		ख) होइन		ग) ठीकै हो

२५.	सडक किनारामा बनाइने नालीमा घरहरूबाट निस्कने फोहर पानीलाई नदी वा खोलामा मिसाउदा वातावरणमा कस्तो प्रभाव पर्छ ?

क) नदी प्रदुषण हुन्छ		ख) खोलामा मिसाउनु राम्रो हो

ग) के हुन्छ थाहा छैन

२६. घर-घरबाट निस्कने प्लाष्टिकलाई धेरै ठाउँमा जम्मा पारेर पोलिन्छ यो गर्न राम्रो हुन्छ वा हुदैन ?

क) प्लाष्टिक पोल्दा धुवाले वातावरणलाई बिर्गाछ

ख) पोल्नु राम्रो होइन

ग) जम्मा गरेर बेच्नुपर्छ

२७. जथाभावी फोहरमैला थुपार्दा मानिसलाई कस्तो असर पर्छ होला ?

क) रोग फैलीने खतरा हुन्छ ख) टोलमानै बस्न सकिदैन

ग) थुपार्नेलाई जरिवाना गर्ने

२८. बंगुर फर्मबाट निस्कने फोहोरबाट तपाईलाई केही समस्या छ कि छैन ?

क) गनाएर बस्नै ख) नाक थुनेर बस्नु पर्ने भएको छ

ग) फारमनै हटाउनु पर्छ

२९. विष खुवाएर मारिएका जनावरहरूलाई नदि वा खोलामा फाल्नु राम्रो हो की होइन ?

क) राम्रो काम हाइन ख) पानी दुषित हुन्छ

ग) फाल्नेलाई जरिवाना गर्न पर्छ

**समुह (ग)**

३०. तपाईको घरमा फोहरमैला के मा जम्मा गर्नुहुन्छ ?

क) बाल्टीन ख) टोकरी

ग) प्लाष्टीक झोला घ)खुला ठाउँ

३१. तपाईको घरबाट दैनिक कति फोहरमैला निक्लन्छ ?

.........के.जी

क) सड्ने........... ख)नसड्ने................

३२. प्लाष्टिक झोलाहरू प्रयोग गर्नु हुन्छ कि हुदैंन ?

क)हुन्छ ख)हुदैंन

३३. तपाईको घरमा कुनै व्यवसाय संचालनमा छ कि ?

क) छ ख)छैन

३४. तपाईले फोहर कहाँ फाल्नु हुन्छ ?

क) कन्टेनरमा ख)खुला ठाउँमा ग)नदीकिनारा

घ) ट्याक्टरमा ङ) घरमा

३५. बजार छेत्रमा चोक चोकमा कन्टेनर राख्न उचित छ /छैन ?

क) छ ख)छैन

३६. नगरपालिकाबाट फोहरमैला उठाउन कसरी आउँछ ?

क) दैनिक ख) दुई दिनमा एक पटक

ग)तीन दिनमा एक पटक घ) एकहप्तामा १ पटक ङ) आउँदैनन्

३७. हाल नगरपालीकाले फोहरमैला डम्पिङ्ग गरेको ठाउँ उपयुक्त छ ?

क) छ ख)छैन

३८. नगरपालीका कार्यलयले फोहर व्यवस्थापनमा हाल सम्म गरेका काममा संतुष्ठ हुनुहुन्छ ?

क) छु ख) छैन

३९. व्यवस्थित खालको ल्याणफिल्ड साइडको आवश्यकता छ कि छैन ?

क) छ ख) छैन

४०. ल्याणफिल्ड साइड बनाउन कस्तो ठाउँ उपयोक्त होला ?

क) खुल्ला ठाउँ ख) बजारबाट टाढा ग) नदि किनार

४१. फोहरमैला व्यवस्थापन गर्न छुट्टै प्राइभेट संस्थालाई दिन उपयोक्त होला ?

क) हुन्छ ख) हुदैंन

४२. फोहरमैलाको जिम्मा लिएको नगरपालिकालाई तपाईको केही सुझाव छ कि ?

क) दैनिक फोहर उठाउनु पर्ने ख) नागरिकलाई चेतना दिने

ग) कन्टेनर संख्या बढाउने

# अनुसूची : दुई

## उत्तरदाताहरूको नामावली सूची

| | | |
|---|---|---|
| १ सपना दाहाल | २१ बिमला पन्थ | ४१ हिम लाल श्रेष्ठ |
| २ रेनुका थापा | २२ जमिला मिया | ४२ पिताम्वर शाह |
| ३ दिपेन्द्र आर्चाय | २३ हिरा मान सुनार | ४३ बाबु लाल बि क |
| ४ राजु श्रेष्ठ | २४ सुवेक्षा दरै | ४४ भरत प्रसाद पौडेल |
| ५ विष्णुमाया धौलाकोटी | २५ नर बहादुर दरै | ४५ बुद्धि माया बि क |
| ६ अमृत गौतम | २६ लक्ष्मी थापा | ४६ मीरा श्रेष्ठ |
| ७ कल्पना लामिछाने | २७ लिला आले | ४७ राधिका लामिछाने |
| ८ आइत बहादुर बि.क | २८ दिल माया लामा | ४८ राम माया श्रेष्ठ |
| ९ चन्द्र बहादुर अधिकारी | २९ शान्ति देवि छिमाल | ४९ लक्ष्मण राना |
| १० श्यामलाल सापकोटा | ३० लक्ष्मी खाति | ५० होम बहादुर गुरुङ |
| ११ पूर्ण बहादुर दरै | ३१ बाबुलाल जोशी | ५१ भिम माया दरै |
| १२ वुद्धि कुमार श्रेष्ठ | ३२ देवकी दरै | ५२ सोम बहादुर माझी |
| १३ शम्शेर बहादुर दरै | ३३ पार्वती खड्का | ५३ इश्वर मिश्र |
| १४ इन्द्र कुमारी प्रजापति | ३४ लक्ष्मी प्रजापति | ५४ बाबु लाल श्रेष्ठ |
| १५ प्रेम ब बि क | ३५ राम कुमार श्रेष्ठ | ५५ रमि शति देबि शाह |
| १६ सुक बहादुर धौलाकोटी | ३६ पूर्ण ब थापा | ५६ शुष्मा अधिकारी |
| १७ सुक बहादुर दरै | ३७ राम माया वि क | ५७ श्यामलाल सापकोटा |
| १८ श्री माया दरै | ३८ धरोहर शाह | ५८ रामजी नेपाली |
| १९ सम्भी कुमार श्रेष्ठ | ३९ बुद्धिमान श्रेष्ठ | ५९ राम ब. वि.क. |
| २० शेर ब बि क | ४० मिन ब दरै | ६० हर्क व. दरै |

# अनुसूची : तीन

## तनहुँ जिल्लामा व्यास नगरपालिका

## अनुसूची : चार

### उत्तरदाताको तस्विरहरू



उत्तरदाता



उत्तरदाता

# अनुसूची : पाँच

## वातावरणीय प्रभावका तस्विरहरू



नदीमा ढल नमिसाउँदा खोलाको अवस्था



नदीमा ढल मिसाउँदा खोलाको अवस्था



धुँवाले वातावरणमा पारेको प्रभाव



जथाभावी फोहोर वस्तु नष्ट गरिएको